# बाँके, बर्दिया र दाङ जिल्लामा सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अवस्था सम्बन्धी अध्ययन प्रतिवेदन




## नेपाल राष्ट्र बैंक

### नेपालगञ्ज कार्यालय

### बैंकिङ विकास तथा आर्थिक अनुसन्धान इकाई

असार २०७९

# प्राक्कथन

नेपाल सरकारले गरिब, बेरोजगार र लक्षित वर्ग तथा समुदायलाई कर्जामा पहुँच सुनिश्चित गरी मुलुकभित्र उद्यमशीलता विकासमार्फत आर्य आर्जन र रोजगारी सिर्जना गर्न तथा उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भर अर्थतन्त्रको निर्माणमा टेवा पु¥याउने उद्देश्यले सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ ल्याएको हो ।

कार्यविधि बमोजिम प्रवाहित कर्जावाट लक्षित वर्गको आर्थिक तथा जीवनस्तरमा सुधार एवम् व्यवसायको प्रवर्द्धन गर्नु कर्जाको मूल ध्येय हो । तसर्थ, उक्त प्रवाहित कर्जाको सही सदुपयोग हुन जरुरी छ । सहुलियतपूर्ण कर्जा वास्तविक लक्षित वर्गमा पुगको छ कि छैन ? कर्जा प्राप्तिमा के-कस्ता समस्या रहेका छन् ? त्यसको वास्तविक पहिचान गर्ने, सहज बैकिङ्ग पहुँचमा जोडिएका जान्ने सुन्ने व्यक्तिहरु नै सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने अग्रपंक्तिमा रहेका छन् भन्ने गुनासो लगायतका विषय वस्तुमा केन्द्रित भई यो अध्ययन कार्य अगाडि बढाइएको हो ।

लुम्विनी प्रदेशको बाँके, बर्दिया र दाङ जिल्लामा केन्द्रित भई गरिएको यस सर्वेक्षणमा सहुलियतपूर्ण कर्जा बैंक तथा वित्तीय संस्थाबाट सहज ढंगले प्रवाह हुनुका साथै, सर्वसाधारणको पहुँचसम्म सहज रुपमा पुगेको देखिन्छ । सहुलियतपूर्ण कर्जाबाट ९२.९८ प्रतिशत सहभागीहरुको आर्थिक अवस्थामा परिवर्तन भएको र ३९.९१ प्रतिशतले आफ्ना परिवारका सदस्य बाहेक अन्य कामदारहरुलाई पूर्ण रोजगारी उपलब्ध गराएको पाइएको छ । सहभागी उद्योगी/व्यवसायीहरुले कुल लगानीको वार्षिक १८.८३ प्रतिशत आम्दानी आर्जन गरेको देखिनुका साथै प्राप्त कर्जा सम्वन्धित शीर्षकमा उपयोग भएको देखिन्छ । तथापि यस प्रकारको कर्जा लक्षित वर्गमा पु¥याउन वित्तीय साक्षरता तथा प्रचारप्रसार जन्य कार्यहरुमा थप जोड दिनुपर्ने देखिन्छ ।

यस अध्ययनले उजागर गरेका नतिजाहरु नीति निर्माता, सम्बद्ध व्यवसायी, अनुसन्धानकर्ता, विद्यार्थी लगायत सम्बन्धित सवै पक्षलाई उपलब्धिमूलक हुने विश्वास मैले लिएको छु । प्रतिवेदनमा देखिएका त्रुटिहरुको सम्बन्धमा पाठकवर्ग र सम्बन्धित सबैबाट रचनात्मक सुझावको आशा पनि गरेको छु ।

अन्तमा, सर्वेक्षणलाई अगाडि बढाउन मार्गदर्शन प्रदान गर्नुहुने आर्थिक अनुसन्धान विभाग लगायत सम्पूर्णप्रति आभार प्रकट गर्न चाहन्छु । सर्वेक्षणमा सहभागी हुनु हुने तथा सहयोग पु¥याउनु हुने बैंक तथा वित्तीय संस्थाहरु लगायत सम्पूर्ण सरोकारवाला पक्षहरुलाई समेत धन्यवाद दिन चाहन्छु । यस अध्ययनलाई सफलतापूर्वक सम्पन्न गर्न खटिनु हुने उप-निर्देशक श्री श्याम प्रसाद ढकाल, सहायक निर्देशकद्वय श्री लवली श्रीवास्तव र श्री राहुल कनोजिया तथा प्रधान सहायक श्री विष्णु बहादुर के.सी. र सहायक श्री भीम बहादुर राना मगरलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**निभा श्रेष्ठ**
निर्देशक
नेपाल राष्ट्र बैंक
नेपालगञ्ज कार्यालय

# विषय सूची

प्राक्कथन

तालिका तथा चार्टहरु

कार्यकारी सारांश

परिच्छेद १ : परिचय ........ १

अध्ययनको पृष्ठभूमि १

अध्ययनको उद्देश्य ३

अध्ययनको औचित्य ३

अध्ययनको सीमा ४

अध्ययनको ढाँचा ४

परिच्छेद २ : कृति समिक्षा ........ ६

परिच्छेद ३ : अनुसन्धान विधि ........ ९

पृष्ठभूमि ९

तथ्याङ्क संकलन विधि ९

परिच्छेद ४ : तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण ........ १२

सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको वर्गीकरण १२

व्यवसायको सञ्चालन अवधि १३

व्यवसायिक लगानी १३

सहुलियतपूर्ण कर्जाका साथै अरु शीर्षकमा कर्जा लिएको/नलिएको अवस्था १५

औषत सहुलियतपूर्ण कर्जा प्रवाह (रु. लाखमा) १५

जम्मा व्यवसायिक लगानीमा सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशत) १६

सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारीको स्रोत १६

सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव १७

सहुलियतपूर्ण कर्जाको पहुँचको अवस्था १८

सहुलियतपूर्ण कर्जा रकमको व्यवसायमा लगानी (एकमुष्ट/किस्ताबन्दी ) १९

बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन २०

कर्जाबाट सहभागीहरुको आर्थिक अवस्थामा आएको परिवर्तन २१

रोजगारी २२

परिवारका अन्य सदस्यहरुले सहुलियतपूर्ण कर्जा लिए/नलिएको २३

कर्जा रकम र व्यवसायको मूल्याङ्कित रकम २३

जम्मा लगानीमा आम्दनीको अंश (प्रतिशत) २४
सहुलियतपूर्ण कर्जामा आम्दानीको अंश (प्रतिशत) २४
शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा भएको परिवर्तन २५
सहुलियतपूर्ण कर्जा रकम स्वास्थ्य, शिक्षा लगायत अन्य क्षेत्रमा खर्च २६
प्राप्त आम्दानी र बैंकको किस्ताको अवस्था २६
ऋणीको अन्य व्यवसायमा लगानी २७
कर्जाको सदुपयोगिता सम्बन्धी ज्ञान २८
सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर २९
परिच्छेद ५. निष्कर्ष तथा सुझावहरु ........................................ ३१
सन्दर्भ सामग्री........................................ ३३
अनुसूची १ (क र ख) (३४-३९)

# तालिका तथा चार्टहरु


तालिका ३.१: २०७८ कात्तिक मसान्तसम्म प्रवाहित सहुलियतपूर्ण कर्जा........................९

तालिका ३.२: जिल्लागत नमुना संकलन विवरण.......................................................१०

तालिका ३.३: बैंक तथा वित्तीय संस्था अनुसार नमुना संख्या..................................... ११

तालिका ४.१: सहुलियतपूर्ण कर्जाको वर्गीकरण अनुसार नमुना प्रतिशत.......................१३

तालिका ४.२: सञ्चालन अवधि अनुसार नमुना प्रतिशत...........................................१३

तालिका ४.३: सहुलियतपूर्ण कर्जाको शीर्षक अनुसार लगानी (प्रतिशत) .......................१४

तालिका ४.४: सहुलियतपूर्ण कर्जाको जिल्लागत लगानी (प्रतिशत) ...............................१४

तालिका ४.५: सहुलियतपूर्ण कर्जाका साथै अन्य कर्जा समेत लिएका सहभागीहरु (प्रतिशत)...................................................................................................१५

तालिका ४.६: औषत सहुलियतपूर्ण कर्जा प्रवाह (रु. लाखमा) .....................................१६

तालिका ४.७: जम्मा व्यवसायिक लगानीमा सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशत).........१६

तालिका ४.८: सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारी (प्रतिशत) ..................................१७

तालिका ४.९: सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव ...........................................१७

तालिका ४.१०: सहुलियतपूर्ण कर्जाको पहुँचको अवस्था (प्रतिशत)..................................१८

तालिका ४.११: जिल्लागत सहुलियतपूर्ण कर्जा रकम व्यवसायमा एकमुस्ट/किस्ताबन्दी लगानी (प्रतिशत)......................................................................................१९

तालिका ४.१२: बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन गरेको/नगरेको (प्रतिशत)................................................................................................... २०

तालिका ४.१३: कर्जाबाट आर्थिक अवस्थामा आएको परिवर्तन....................................... २१

तालिका ४.१४: उद्योग/व्यवसायबाट सृजित पारिवारिक रोजगारी (प्रतिशत) ................. २२

तालिका ४.१५: उद्योग/व्यवसायबाट सृजित बाह्य रोजगारी (प्रतिशत)..........................२३

तालिका ४.१६: परिवारका अन्य सदस्यहरुले सहुलियतपूर्ण कर्जा लिए/नलिएको (प्रतिशत) २३

तालिका ४.१७: कर्जा रकम र व्यवसायको मूल्याङ्कित रकमको तुलना ..........................२४

तालिका ४.१८: जम्मा लगानीमा आम्दानीको अंश (रु.लाखमा).....................................२४

तालिका ४.१९: सहुलियतपूर्ण कर्जामा आम्दानीको अंश (प्रतिशत)................................ २५

तालिका ४.२०: सहुलियतपूर्ण कर्जाले शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा परिवर्तन भएको/नभएको ........................................ २६

तालिका ४.२१: सहुलियतपूर्ण कर्जा रकम स्वास्थ्य, शिक्षा लगायत अन्य क्षेत्रमा खर्च भएको/नभएको ........................................ २६

तालिका ४.२२: व्यवसायको आम्दानीबाट बैंकको किस्ता तिर्न सक्षम/असक्षम ................ २७

तालिका ४.२३: सहुलियतपूर्ण कर्जा लिएर सञ्चालन गरेको व्यवसाय बाहेक अन्य व्यावसायमा लगानी ........................................ २८

तालिका ४.२४: सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको जानकारी ........................ २८

तालिका ४.२५: सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर (जिल्लागत) .................. २९

तालिका ४.२६: सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर (कर्जागत) .................. ३०

चार्ट ४.१ : जिल्लागत नमुना विवरण (प्रतिशत) ........................................ १२

चार्ट ४.२: सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव (प्रतिशत) ........................ १८

चार्ट ४.३: जिल्लागत सहुलियतपूर्ण कर्जा रकमको व्यवसायमा लगानी (एकमुष्ट/किस्ताबन्दी) ........................................ १९

चार्ट ४.४: सहुलियतपूर्ण कर्जा एकमुस्ट/किस्ताबन्दी लगानी (प्रतिशत) .................. २०

चाट ४.५: बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन गरेको/नगरेको(प्रतिशत) २१

चार्ट ४.६: सहुलियतपूर्ण कर्जाबाट आर्थिक अवस्थामा आएको परिवर्तन .................. २२

चार्ट ४.७: सहुलियतपूर्ण कर्जाको सदुपयोगिता सम्बन्धी जानकारी (प्रतिशत) ................ २९

# कार्यकारी सारांश

१. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन) बमोजिम प्रवाह गरिएको सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अवस्था, कर्जा प्रवाहको स्वरुप र प्राप्त कर्जाबाट ऋणीको आर्थिक अवस्थामा पारेको प्रभावबारे अध्ययन गर्न यो सर्वेक्षण गरिएको हो ।

२. यस अध्ययनमा लुम्बिनी प्रदेश अन्तर्गतका बाँके, बर्दिया र दाङ जिल्लाका ३५६ ऋणीहरुको सहभागिता रहेको छ । Simple Random Sampling Method प्रयोग गरी बैंक तथा वित्तीय संस्थाहरुको छनोट गर्नुका साथै, सोही विधिबाट नमुना (उत्तरदाताहरु) को समेत छनौट गरी सर्वेक्षण कार्यलाई सम्पन्न गरिएको हो ।

३. **सर्वेक्षणमा ४९.७२ प्रतिशत सहभागीहरुले उद्योग/व्यवसायमा बीस लाखभन्दा माथि लगानी गरेको देखिएको छ ।** त्यसैगरी, ३२.३१ प्रतिशतले दश लाखदेखि बीस लाखसम्म र १७.९७ प्रतिशत सहभागीहरुले १ लाखदेखि १० लाखसम्म लगानी गरेको पाईएको छ ।

४. **सर्वेक्षणमा सहुलियतपूर्ण कर्जाका साथै, अन्य शीर्षकमा समेत कर्जा लिई व्यवसाय सञ्चालन गरेका सहभागीहरु १६.२९ प्रतिशतरहेका छन् भने ८३.७१ प्रतिशत सहभागीहरुले अन्यशीर्षकमा कर्जा लिएको देखिएको छैन ।**

५. सर्वेक्षणमा सहभागीहरुले उद्योग/व्यवसायमा गरेको जम्मा लगानीमा सहुलियतपूर्ण कर्जाको अंश ४८.६५ प्रतिशत रहेको देखिन्छ, जुन अंश बर्दिया जिल्लामा सबैभन्दा धैरै ६८.१० प्रतिशत रहेको छ । त्यसैगरी, बाँके जिल्लामा ३४.५० प्रतिशत र दाङ जिल्लामा ६३.१३ प्रतिशत रहेको देखिन्छ ।

६. **सहुलियतपूर्ण कर्जा बैंक तथा वित्तीय संस्थाबाट सहज ढंगले प्रवाह भएको देखिएको छ ।** केही कागजी प्रक्रिया बाहेक अन्य झन्झट खासै देखिएको छैन । सर्वेक्षणमा ७३.८८ प्रतिशतले सहजरुपमा कर्जा प्राप्त गरेको देखिएको छ ।

७. **सहुलियतपूर्ण कर्जा सर्वसाधारणको पहुँचसम्म पुगेको देखिन्छ ।** सर्वेक्षणमा सर्वसाधारणले पनि सहुलियतपूर्ण कर्जा पाउँछन् भनेर विश्वास गर्ने सहभागीहरु ८९.०४ प्रतिशत देखिएका छन् भने पहुँचवालाले मात्र सहुलियतपूर्ण कर्जा पाउँछन् भनेर विश्वास गर्ने सहभागीहरु १०.९६ प्रतिशत मात्रै देखिएका छन् ।

८. **बैंक तथा वित्तीय संस्थाहरुले व्यावसायिक योजना मागेर मात्र कर्जा प्रवाह गरेको देखिन्छ** भने कर्जा प्रवाह पश्चात् बैंकले ९५.२३ प्रतिशत सहभागीहरुको व्यवसाय अनुगमन गरेको अध्ययनले देखाएको छ ।

९. **सहुलियतपूर्ण कर्जाबाट ९२.९८ प्रतिशत सहभागीहरुको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन आएको देखिएको छ** भने ७.०२ प्रतिशत सहभागीहरुको आर्थिक अवस्था उस्तै रहेको पाइएको छ ।

१०. **सर्वेक्षणमा परिवारका सदस्यहरुलाई व्यवसायमा संलग्न गराई आंशिक रोजगारी प्रदान गर्ने सहभागीहरु १०.४० प्रतिशत रहेका छन् भने ३९.९१ प्रतिशतले आफ्ना परिवारका सदस्य बाहेक अन्य कर्मचारी तथा कामदारहरुलाई रोजगारी उपलब्ध गराएको देखिएको छ ।**

११. **सर्वेक्षणमा संलग्न सहभागीहरुद्वारा सञ्चालित व्यावसायिक फर्महरुले औसतमा कुल लगानीको वार्षिक १८.८३ प्रतिशत आम्दानी गरेको देखिएको छ ।** जसमध्ये औसतमा कृषि कर्जामा १८.८३ प्रतिशत, महिला उद्यमशील कर्जामा १८.७५ प्रतिशत र अन्यमा २८.५७ प्रतिशत आम्दानी गरेको देखिएको छ ।

१२. **बैंक तथा वित्तीय संस्थावाट प्राप्त गरेको सहुलियतपूर्ण कर्जा रकमको सहभागीहरुले बार्षिक ३८.६९ प्रतिशत आम्दानी गरेको देखिएको छ** जसले गर्दा कर्जाको साँवा व्याज भुक्तानीमा समस्या देखिएको छैन ।

१३. **सर्वेक्षणमा सहुलियतपूर्ण कर्जाबाट शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुहरुको गुणस्तरमा परिवर्तन आएको अनुभूति गर्ने सहभागीहरु ९६.०६ प्रतिशत छन्** भने ३.९४ प्रतिशतले मात्रै परिवर्तनको अनुभूति नभएको बताएका छन् ।

१४. **सर्वेक्षणमा सहुलियतपूर्ण कर्जा शिक्षा, स्वास्थ्य, पुरानो ऋण तथा अन्य घरायासी खर्चमा प्रयोग नगर्ने सहभागीहरु ९५.५१ प्रतिशत रहेका छन्** भने ४.४९ प्रतिशतले आंशिक रुपमा अन्य कार्यमा प्रयोग गरेको देखिएको छ ।

१५. **सर्वेक्षणमा प्राप्त कर्जाको समयमा नै किस्ता तिर्न सहभागीहरु सक्षम भएको देखिन्छ ।** सर्वेक्षणमा ९८.०३ प्रतिशत सहभागीहरुले समयमा नै किस्ता तिर्न सक्षम भएको पाइएको छ भने १.९७ प्रतिशत सहभागीहरुले समयमा नै किस्ता तिर्न सकेको देखिएको छैन ।

१६. **सहुलियतपूर्ण कर्जाबाट शत प्रतिशत सहभागीहरु सन्तुष्ट देखिएका छन् ।** असन्तुष्ट छु भन्ने सहभागीको संख्या शुन्य रहेको छ भने थोरै सन्तुष्ट सहभागीहरु ४.७८ प्रतिशत, धेरै सन्तुष्ट सहभागीहरु ७६.१२ प्रतिशत र अत्ति धेरै सन्तुष्ट सहभागीहरु १९.१० प्रतिशत रहेका छन् ।

१७. बाँके, बर्दिया तथा दाङ जिल्लामा सहुलियतपूर्ण कर्जाबाट उत्तरदाताहरुको आयस्तरमा वृद्धि भएको, उत्तरदाताहरुको सन्तुष्टि स्तर उच्च रहेको, शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोग्य वस्तुहरुको गुणस्तरमा सुधार आएको, रोजगारी सिर्जनामा समेत सकारात्मक प्रभाव पार्नुका साथै, जुन व्यवसाय वा परियोजनाका लागि सहुलियतपूर्ण कर्जा प्रवाह भएको सोही व्यवसाय तथा परियोजनामा लगानी भएको सर्वेक्षणमा देखिएको छ ।

# परिच्छेद १ : परिचय

## पृष्ठभूमि

१.१ बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कर्जाको निश्चित अंश तोकिएको प्राथमिक क्षेत्रमा प्रवाह हुनुपर्ने अवधारणा वि.सं. २०३१ सालमा नै ल्याइएको पाइन्छ । त्यसबेला सुरु गरिएको निर्देशित कर्जा (Directed Credit) कार्यक्रम कृषि तथा साना व्यवसाय समेत समेटी वि.सं. २०३३ सालमा प्राथमिकता क्षेत्र कर्जा कार्यक्रम भनी नामाकरण गरिएको थियो (पौडेल, २०७७) ।

१.२ आ.व. २०४८/४९ सालदेखि प्राथमिकता क्षेत्र अन्तर्गत विपन्न वर्ग कर्जा कार्यक्रम सुरु गरिएको थियो । उक्त कार्यक्रमलाई अहिलेसम्म निरन्तरता दिईएको छ । हाल बैंक तथा वित्तीय संस्थाले आफ्नो कुल कर्जाको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा अनिवार्य रुपमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएको छ ।

१.३ आर्थिक वर्ष २०७५/७६ को बजेट बक्तव्यमा उल्लेख भए अनुसार नेपाल सरकारले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ । यी सबै प्रयासहरु बैंकिङ्ग सेवामा सहज पहुँच नभएका तर सीप र जाँगर भएका तथा उद्यमशीलताको सम्भावना बोकेका वर्गका लागि लक्षित गरिएका हुन् र अपेक्षित कर्जा प्रवाह हुन सकेको खण्डमा खासगरी ग्रामिण क्षेत्रमा आय, रोजगारी र उत्पादनका अवसरहरु जुटाउनेतर्फ उन्मुख हुन्छन् भन्ने अपेक्षा रहेको छ । पछिल्लो समय कार्यन्वयनमा ल्याइएको सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान उपलब्ध गराउने व्यवस्था पनि यसै प्रसङ्गमा एउटा थप आयामको रुपमा लिन सकिन्छ ।

१.४ नेपाल सरकारले निश्चित वर्ग र समुदायलाई लक्षित गरी ब्याज अनुदान मार्फत सहुलियतपूर्ण कर्जाको माध्यमबाट उद्यमशीलता, आय र रोजगारीमा जोड दिन खोजेको छ । कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरुलाई देशभित्र रोजगारीका अवसरहरु सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई स्वरोजगार बनाउन, महिला उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवम् प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनका लागि शैक्षिक ऋण उपलब्ध गराउन, भूकम्प पीडितहरुको निजी आवास निर्माण गर्न, कपडा

उद्योग सञ्चालन गर्न, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यताप्राप्त संस्थाबाट लिइने तालिम र युवावर्ग स्वरोजगारका लागि समेत सहुलियतपूर्ण कर्जामा ब्याज अनुदान उपलब्ध गराउने प्रयोजनका लागि नेपाल सरकारद्वारा "सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" लागु गरिएको छ ।

१.५ यस अन्तर्गत व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा रु. ५ करोडसम्म, शिक्षित युवा स्वरोजगार कर्जा रु. ७ लाख सम्म, विदेशबाट फर्केका युवा परियोजना कर्जा रु. १० लाख सम्म, महिला उद्यमशील कर्जा रु.१५ लाख सम्म, दलित समुदाय व्यवसाय विकास कर्जा रु.१० लाखसम्म, उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा रु.५ लाखसम्म, भूकम्प पीडितहरुको निजी आवास निर्माण कर्जा रु.३ लाखसम्म, कपडा उद्योग सञ्चालनका लागि रु.५ करोड सम्म, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम आदिको लागि रु.२ लाखसम्म र युवा वर्ग स्वरोजगार कर्जा रु.५ लाख सम्म प्रदान गर्ने गरिएको छ । कर्जाको सीमा प्रति ऋणी रु.५ करोड रुपैयाभन्दा बढी र रु.१० करोडसम्म केन्द्रीय समन्वय तथा अनुगमन समितिमा स्वीकृतिका लागि पेश गर्नुपर्ने र समितिले आवश्यकता र औचित्यताका आधारमा स्वीकृत गर्न सक्ने व्यवस्था रहेको छ ।[1]

१.६ उल्लेखित कर्जामा सम्बन्धित बैंक तथा वित्तीय संस्थाले आफ्नो आधार दरमा २ प्रतिशत बिन्दुभन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नुपर्ने र यसरी निर्धारण गरिएको ब्याजदर मध्ये बैंक तथा वित्तीय संस्थाले दिने कर्जामा ५ प्रतिशत ब्याजदर अनुदान सुविधा उपलब्ध हुने व्यवस्था छ । महिला उद्यमशीलता कर्जाको हकमा यो अनुदान ६ प्रतिशत उपलब्ध हुने तर ५ करोड रुपैयाँभन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र ब्याजदर अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ ।

१.७ यसको प्रभावकारी कार्यन्वयनका लागि केन्द्रीय स्तरमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको संयोजकत्वमा एउटा केन्द्रीय समन्वय तथा अनुगमन समिति रहने व्यवस्था गरिएकोमा कार्यान्वयनमा देखिएका समस्याहरु समेत सम्बोधन हुने गरी कार्यविधिमा गरिएको दोस्रो संशोधन मार्फत अर्थ मन्त्रालयका सचिव संयोजक रहने गरी एउटा केन्द्रीय निर्देशन समिति रहने थप व्यवस्था समेत गरिएको छ । नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल बैंकर्स संघ लगायतका सरोकारवाला निकायका प्रतिनिधि समेतको संयुक्त सहभागितामा

[1]सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित)

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि तयार गरिएको छ ।

१.८ २०७८ कात्तिक मसान्तसम्म १,३३,९३० ऋणीहरुलाई रु.२ खर्ब ३७ अर्ब ८२ करोड ८५ लाख ७० हजार बराबरको रकम कर्जा लगानी भएको छ । सबैभन्दा धेरै व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा र महिला उद्यमशील कर्जा प्रवाह भएको छ (अनुसूची १क) ।

१.९ देशको कुल गार्हस्थ्य उत्पादन तथा कूल रोजगारी संख्यामा ठुलो हिस्सा ओगटेको कृषि क्षेत्रलाई सरलीकरण गर्ने एवम् महिला, दलित, युवा लगायतका लक्षित वर्गमा उद्यमशीलता विकास गर्ने उदेश्यले नेपाल सरकारले २०७५ देखि बजेटमा नै व्यवस्था गरी सहुलियतपूर्ण कर्जा उपलब्ध गराउँदै आएको छ। तसर्थ, देशको सीमित राजश्वबाट ठूलो राशी खर्च भईरहेकोले यस कर्जा कार्यक्रमको उपादेयताको अध्ययन आवश्यक देखिन्छ ।

१.१० यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका बाँके, बर्दिया र दाङ जिल्लामा सहुलियतपूर्ण कर्जा उपयोग गर्ने ऋणीहरुको कुल संख्या ५ हजार ७ सयभन्दा बढी रहेकोले उक्त जिल्लाहरुमा यस्तो कर्जाको सदुपयोगिताको स्थितिको यथार्थ-चित्रण गर्नका लागि यो अध्ययन गरिएको हो ।

## अध्ययनको उद्देश्य

१.११ यस अध्ययनको मुख्य उद्देश्य बाँके, बर्दिया र दाङ जिल्लामा सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अवस्था बारे प्रकाश पार्न रहेको छ । यसका अतिरिक्त यस अध्ययनका तपसिल बमोजिमका विशेष उद्देश्यहरु पनि रहेका छन् ।

१. सहुलियतपूर्ण कर्जा वास्तविक लक्षित वर्गका ग्राहकले पाए/नपाएको सम्बन्धमा अध्ययन गर्ने ।
२. प्राप्त सहुलियतपूर्ण कर्जा सम्बन्धित शीर्षकमा खर्च भए/नभएको पहिचान गर्ने ।
३. सहुलियतपूर्ण कर्जाको आर्थिक प्रभावकारिताको विश्लेषण गर्ने ।

## अध्ययनको औचित्य

१.१२ राजश्वबाट संकलन गरिएको रकमबाट व्याज अनुदानमा उल्लेख्य खर्च गरेर सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रमको कार्यान्वयनको अवस्था बारे जानकारी लिनुका साथै विभिन्न सञ्चार माध्यममा सहुलियतपूर्ण कर्जाको दुरुपयोग भएको भन्ने खबरहरु बेलाबेलामा प्रकाशित भइरहेकोले सो कार्यक्रमको कार्यान्वयनको अवस्थाको बारेमा अनुसन्धान हुन आवश्यक देखिन्छ। त्यसलाई परिपूर्ति गर्नका लागि यो अध्ययन सहयोगी हुने अपेक्षा गरिएको छ ।

१.१३ प्रवाहित सहुलियतपूर्ण कर्जा वास्तविक लक्षित वर्गमा पुगेको छ कि छैन? कर्जा प्राप्तीमा के-कस्ता समस्या रहेका छन्, त्यसको वास्तविकता पहिचान गर्न आवश्यक देखिन्छ। सहज बैंकिङ्ग पहुँचमा जोडिएका जान्ने-सुन्ने व्यक्तिहरु नै सहुलियतपूर्ण कर्जा प्राप्त गर्ने अग्रपंक्तिमा रहेका छन् भन्ने जन गुनासो बारे वास्तविकता केलाउन समेत आवश्यक देखिन्छ। साथै, जिल्लामा प्रवाह भएको सहुलियतपूर्ण कर्जाको सदुपयोग र यसको वित्तीय प्रभावलाई समेत समेट्ने प्रयास यस अध्ययनमा भएको छ।

१.१४ जुन व्यवसाय वा परियोजना सञ्चालनका लागि सहुलियतपूर्ण कर्जा प्राप्त गरेको हो सोही व्यवसाय वा परियोजनामा लगानी नगरी अन्य प्रयोजनमा लगानी भएको छ कि छैन भनेर पत्ता लगाउने ध्येय पनि यस अध्ययनको रहेको छ।

१.१५ कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि भए/नभएको, शिक्षित बेरोजगार युवाहरुलाई मुलुकमा रोजगारी सिर्जना भए/नभएको, महिला उद्यमशीलताको विकास भए/नभएको, विदेशबाट फर्केका युवाहरुको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै स्वरोजगारमा प्रभाव परे/नपरेको, दलित समुदायको परम्परागत सीप र पेशामा आधुनिकीकरण एवम् प्रवर्द्धन भए/नभएको, आर्थिक रुपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरुलाई सहयोग पुगे/नपुगेको सम्बन्धी जानकारी प्राप्त गर्न आवश्यक देखिएको सन्दर्भमा पनि यो अध्ययनले सहयोग पुर्‍याउने अपेक्षा रहेको छ।

१.१६ सम्बन्धित व्यवसाय/परियोजनामा प्रवाह भएको कर्जा सोही कार्यमा लगानी भएको छ कि छैन भनेर सम्बन्धित बैंक वित्तीय संस्थाले व्यवसायको अनुगमन गरे/नगरेको र सहुलियतपूर्ण कर्जा प्राप्त गरिसकेपछि ऋणीहरुको जीवनस्तरमा के-कस्तो परिवर्तन भएको छ भन्ने सम्बन्धमा समेत यस अध्ययनले योगदान दिने अपेक्षा गरिएको छ।

## अध्ययनको सीमा

१.१७ यस अध्ययनका सीमाहरु निम्नानुसार रहेका छन् :

- लुम्बिनी प्रदेशमा रहेका १२ जिल्लाहरु मध्ये बाँके, बर्दिया र दाङ जिल्लामा प्रवाह भएको सहुलियतपूर्ण कर्जामा मात्र अध्ययन केन्द्रित रहेको छ। यस अध्ययनबाट प्राप्त परिणामले अन्य जिल्लाहरुको प्रतिनिधित्व नगर्न सक्छ।
- सर्वेक्षणमा आधारित अध्ययन भएकोले अध्ययनको परिणाम उत्तरदाताको जवाफको सत्यतामा निर्भर गर्दछ। जवाफहरु गलत भएको अवस्थामा परिणाम सही नहुन सक्छ।

## अध्ययनको ढाँचा

१.१८ यो अध्ययन प्रतिवेदनलाई कुल पाँच परिच्छेदहरुमा विभाजन गरिएको छ। पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उद्देश्य, अध्ययनको औचित्य तथा महत्व, अध्ययनको

सीमा र प्रतिवेदनको ढाँचा रहेको छ । दोस्रो परिच्छेदमा कृति समीक्षा रहेको छ । तेस्रो परिच्छेदमा अध्ययन विधि रहेको छ । चौथो परिच्छेदमा तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण रहेको छ । पाँचौं परिच्छेदमा अध्ययनको निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ ।

# परिच्छेद २ : कृति समिक्षा

२.१ उत्तराखण्डको हरिद्वार जिल्लाको चारवटा गाँउबाट ३६२ नमुना लिई Samant (२०१९) ले गरेको अध्ययनमा लघुवित्तले महिला सशक्तीकरण अन्तर्गत महिलाको निर्णय क्षमता, जनचेतना र मनोविज्ञानमा कस्तो असर पार्छ भन्ने कुरा हेर्न खोजिएको छ। सो अध्ययनले महिलाहरु लघुवित्त कर्जामा सहभागी हुँदैमा महिला सशक्तीकरण हुन्छ भन्ने कुरालाई गलत सावित गरि दिएको छ। महिला सशक्तीकरणको लागि महिला तथा निजको परिवारलाई परामर्श गर्ने, जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, पारिवारिक मूल्य मान्यता, सामाजिक पहिचान, पुरुष-महिला अधिकारमा समानता, जीवनोपयोगी शिक्षा जस्ता कुरामा जोड दिनुपर्ने सुझाव दिइएको छ।

२.२ Tuan-Minh Dinh (2012) को अध्ययनपत्रले सन् २००९ मा भियतनाम सरकारद्वारा दिइएको ४ प्रतिशत व्याज अनुदान कार्यक्रमको बारेमा अध्ययन गरेको छ। उक्त अध्ययनमा पहिलो अर्धवार्षिक अवधिसम्ममा सहुलियत कर्जाको सही सदुपयोग गरेको देखिए तापनि केही फर्महरुले दोस्रो अर्धवार्षिक अवधिमा घर/जग्गा तथा स्टक बजार व्यापार जस्ता सट्टेबाजी कारोबारमा प्रयोग गरेको देखिएको छ। साथै, यस अध्ययनले यस प्रकारको सहुलियत कर्जा छोटो अवधिका लागि प्रवाह गर्नुपर्ने र सोको प्रभावकारी अनुगमन भएमा मात्र कर्जाको सदुपयोगिता बढ्ने यस अध्ययनको निश्कर्ष रहेको छ।

२.३ श्रीलंकामा ग्रामिण क्षेत्र, साना तथा लघु उद्यम, स्वरोजगार तथा गरिबी निवारणसँग सम्बन्धित व्यवसायलाई प्रवर्द्धन गर्न पुनरकर्जाको व्यवस्था रहेको पाइन्छ। बंगलादेशमा कृषि, साना तथा मझौला व्यवसाय लगायत क्षेत्रहरुलाई विभिन्न प्रकारका पुनरकर्जा तथा पूर्व व्यवसाय कर्जाको व्यवस्था गरी प्रवर्द्धन गरेको पाइन्छ। त्यहाँ हाल सञ्चालनमा रहेको ग्रामीण क्षेत्रका कृषिमा आधारित उद्यम पुनरकर्जा, साना उद्यम पुरनकर्जा, नवउद्यम पुनरकर्जा लगायत ९ किसिमका पुनरकर्जाहरु प्रदान गर्ने गरेको देखिन्छ
(पौडेल, २०७७)।

२.४ Meyer (२०११) ले गरेको अध्ययन CABFIN (Capacity Building in Rural Finance) सदस्यको पहलमा गरिएको थियो। सो अध्ययनले कुनै अन्तर्राष्ट्रिय संघ संस्थासँग कुनै एउटा साधारण चमत्कारिक समाधानका उपाय छैन, जसले दिगो कृषि कर्जा प्रणाली विकास गर्न सकोस्। यद्यपि यस क्षेत्रमा सफलता प्राप्त गर्न बलियो नीति, नियम, संस्थाहरु र सहयोगी पूर्वाधारहरुको आवश्यकता हुन्छ भन्ने कुरा सो अध्ययनमा औंल्याइएको छ।

२.५ डंगोल (२०१०)को अध्ययनमा ललितपुर जिल्लाको बागमती गा.वि.स.मा रहेका नेवार समुदायका कृषिमा आधारित महिलाको क्षमता विकाससँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ। गैह्र सरकारी संस्थाको माध्यमबाट गरिएको आर्थिक तथा प्राविधिक सहयोगले महिला सशक्तीकरण अन्तर्गत सीप विकास, गुणस्तरीय जीवनशैली, पारिवारिक निर्णय क्षमता, शिक्षा लगायत आय आर्जनमा सकारात्मक प्रभाव पारेको अध्ययनमा देखिएको छ।

२.६ खतिवडा (२०२०) ले कृषि अनुदान लक्षित कृषकले नपाएको र माथिल्लो तहका मन्त्रीहरु लगायत पहुँचवाला व्यक्तिहरुले कर्जाको दुरुपयोग गरेको कुरा अध्ययनमा उल्लेख गरेका छन्। कृषि अनुदानको अधिकतम प्रयोग गर्नको लागि कृषि प्रविधिलाई पनि आधुनिक बनाउने प्रमुख लक्ष्य लिनुपर्ने र संघीय सरकारले कृषि अनुदानको अनुगमन गर्नुपर्ने, नयाँ प्रविधि तथा औजारको प्रयोग र सोको उपलब्धताको सुनिश्चतता गर्नुपर्ने, स्थानीय सरकारद्वारा नै अनुदान कार्यक्रमको कार्यन्वयन गर्नुपर्ने, सरकारले व्यक्तिगत तथा कृषि संघसंस्थाहरुबाट अनुदान नदिएर अझ पारदर्शी बनाउन कृषि अनुदान कार्यक्रम अन्तर्गत मल, बीउ, सिँचाई तथा बीमा र कृषि Risk Coverage Scheme मा अनुदान दिने कुरा अध्ययनमा उल्लेख गरिएको छ।

२.७ हिमाल खबरपत्रिकाले (४ साउन, २०७८) गरेको खोजमूलक अध्ययन अनुसार किसानको पुँजीमा पहुँच र उत्पादन वृद्धि गर्ने उद्देश्य राखिएको सहुलियतपुर्ण कृषि कर्जा कार्यक्रमको फाइदा अर्बौं रुपैयाँका स्थापित र ठूलो कारोबार गर्ने कम्पनीका मालिकहरुले उठाइरहेका र जनताले तिरेको करबाट ब्याज अनुदानका नाममा ठूला व्यवसायीहरुलाई नै सरकारी राज्यकोषबाट ठूलो रकम जाने गरेको छ। बैंकहरुले धितो सुरक्षण भएका व्यक्तिहरुलाई कर्जामा प्राथमिता दिने गरेकोले धितो नहुने विपन्न र पहुँच नभएका कृषक वर्गसम्म सहुलियतपूर्ण कृषि कर्जा पुग्न नसकेको सो अध्ययनले उल्लेख गरेको छ।[२] कृषिसँग सम्बन्धित ऋणमा ब्याज अनुदानको लाभ वास्तविक किसानसम्म पुऱ्याउन कार्यक्रमको प्रारुप नै संशोधन गर्नुपर्ने सो अध्ययनको निष्कर्ष रहेको छ।

२.८ खरेल(२०७९) को अध्ययनले नेपाल सरकारद्वारा प्रवाह गरिएको सहुलियतपूर्ण कर्जा कार्यक्रम लक्षित वर्गसम्म पुग्न नसकेको उल्लेख गरेको छ। सहुलियतपूर्ण कर्जा कार्यक्रमलाई प्रभावकारी बनाउन कर्जाको दायरा बढाउनु पर्ने, सीपमूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने, स्थानीय श्रोत साधन र बजारको उपलब्धतालाई ध्यान दिई कर्जा

[२] रु. १० लाखसम्म सामुहिक जमानी तथा परियोजना धितो राखेर कर्जा दिने व्यवस्था भएतापनि बिना धितो कर्जा प्राप्त गर्ने कृषकहरुको संख्या अत्यन्त न्यून (१.९ प्रतिशत) रहेको कुरा यस अध्ययनले उजागर गरेको छ।

प्रवाह गर्नुपर्ने सो लेखको निष्कर्ष रहेको छ। नेपाल राष्ट्र बैंकले (२००७) ग्रामिण स्वावलम्बन कोष अन्तरगत प्रवाह गरिएको सहुलियतपूर्ण कर्जाले ऋणीको आर्थिक अवस्थामा पारेको प्रभावलाई अध्ययन गरिएको छ। यस अध्ययनका लागि हिमालको १, पहाडको २ र तराईको ४ जिल्लाबाट कुल ३८ वटा सहकारी तथा गैह्र सरकारी संस्थाहरुका सदस्यहरुलाई नमुनाका रुपमा छनौट गरिएको थियो । प्रवाहित कर्जाको उपभोगमा महिलाहरुको सहभागिता उल्लेखनीय रहेको र सदस्यहरुको आर्थिक लगायत अन्य सामाजिक परिसूचकहरुमा समेत सकारात्मक परिवर्तन आएको अध्ययनको निष्कर्ष रहेको छ ।

# परिच्छेद ३ : अनुसन्धान विधि

## पृष्ठभूमि

३.१ यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतहरुबाट तथ्याङ्क संकलन गरिएको छ। प्राथमिक स्रोतमा जिल्लागत रुपमा सहुलियतपूर्ण कर्जा प्राप्त गरेका व्यक्ति, फर्म, उद्योगीहरुसँग अनुसुची-१(ख) बमोजिम प्रश्नावली सर्वेक्षणको माध्यमबाट आवश्यक तथ्याङ्क एवम् जानकारी संकलन गरिएको छ। द्वितीय श्रोतका रुपमा तथ्याङ्क विश्लेषणको लागि नेपाल राष्ट्र बैंकबाट प्रकाशित विभिन्न अध्ययन प्रतिवेदन एवम् लेख रचनाहरुबाट आवश्यक तथ्याङ्क एवम् जानकारी लिइएको छ। अध्ययनमा प्राप्त जानकारीहरुलाई विवरणात्मक र अन्वेषणात्मक विधि प्रयोग गरी विश्लेषण गरिएको छ।

## तथ्याङ्क संकलन विधि

३.२ लुम्बिनी प्रदेशमा रहेका १२ जिल्लाहरु मध्ये बाँके, बर्दिया र दाङ गरी ३ जिल्ला नमुनाको रुपमा छनौट गरिएको छ। नमुनाको रुपमा छनौट भएका जिल्लाहरुमा तथ्याङ्क संकलनका लागि सहुलियतपूर्ण कर्जाका १० वटा शीर्षकहरु मध्ये २०७८ कात्तिक मसान्तसम्म निम्न ६ प्रकारका सहुलियतपूर्ण कर्जा प्रवाह भएको र कर्जा प्राप्त गर्ने जम्मा ५,७२९ ऋणीहरुलाई यस सर्वेक्षणमा लक्षित जनसङ्ख्या (Target Population) मानिएको छ।

**तालिका ३.१: २०७८ कात्तिक मसान्तसम्म प्रवाहित सहुलियतपूर्ण कर्जा**

| *क्र.सं.* | *कर्जाको किसिम* | ऋणी संख्या | | | जम्मा ऋणी संख्या (लक्षित जनसंख्या) |
|---|---|---|---|---|---|
| | | *बाँके* | *बर्दिया* | *दाङ* | |
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ७२९ | ६५१ | १,११३ | २,४९३ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | ७ | | ४ | ११ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ५ | २ | ७ | १४ |
| ४ | महिला उद्यमशील कर्जा | ११०९ | ६५८ | १३९८ | ३,१६५ |
| ५ | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | | | ५ | ५ |
| ६ | दलित समुदाय व्यवसाय कर्जा | ८ | ११ | २२ | ४१ |
| **जम्मा ऋणी संख्या** | | १८५८ | १३२२ | २५४९ | **५७२९** |

स्रोतःनेपाल राष्ट्र बैंक

३.३ कुल लक्षित जनसङ्ख्याबाट Krejcie & Morgan को देहायको सूत्र प्रयोग गरी सर्वेक्षणका लागि ३५७ नमुना सङ्ख्या निर्धारण गरिएको छ ।

$$S = \frac{X^2 NP\,(1-P)}{d^2(N-1) + X^2 P(1-P)}$$

जहाँ,

S = required sample size

$X^2$ =table value of chi-square for 1 degree of freedom at the desired confidence level of 95 percent. (3.841)

N = population size

P = population proportion (assumed to be 0.50 since this would provide the maximum sample size)

d = degree of accuracy expressed as a proportion (0.05)

३.४ नमुना जिल्लाहरुमा रहेका ऋणीहरुको संख्यात्मक भारको आधारमा देहाय बमोजिम Simple Random Sampling विधिबाट ३५७ नमुनाहरु छनौट गरिएको छ । तथ्याङ्क संकलनको लागि छनौट भएको कपडा उद्योग सञ्चालनका लागि प्रवाहित कर्जाको नमुना सङ्ख्या १ हाल कपडा उद्योग सञ्चालनमा नरहेकोले सो कर्जाको नमुनालाई अध्ययनबाट हटाई सर्वेक्षणका लागि कुल ३५६ नमुना सङ्ख्या कायम गरिएको छ । छनौट भएका जम्मा ३५६ नमुना सङ्ख्यालाई औसत भारको आधारमा जिल्लागत र कर्जागत रुपमा हुन आउने नमुना संख्यालाई तालिका ३.२ मा देखाइएको छ ।

**तालिका ३.२ : जिल्लागत नमुना संकलन विवरण**

| क्र.सं. | कर्जाको किसिम | नमुना संख्या | | | जम्मा नमुना संख्या |
|---|---|---|---|---|---|
| | | बाँके | बर्दिया | दाङ | |
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ४३ | ३७ | ६० | १४० |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | ४ | | २ | ६ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ३ | १ | ४ | ८ |
| ४ | महिला उद्यमशील कर्जा | ६० | ३८ | ८० | १७८ |
| ५ | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | | | ३ | ३ |
| ६ | दलित समुदाय व्यवसाय कर्जा | ५ | ६ | १० | २१ |

३.५ उपरोक्त बमोजिम छनौट भएका ऋणीहरुलाई कर्जा प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाका सम्बन्धित ठाउँका शाखाहरुसँग समन्वय गरी उत्तरदाताहरु छनौट गरी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

३.६ सर्वेक्षणमा सहुलियतपूर्ण कर्जा प्रदान गर्ने विभिन्न बैंक तथा वित्तीय संस्थाहरुलाई Simple Random Sampling Method विधिबाट निम्न तालिका ३.३ मा भए बमोजिम छनौट गरी अनुसूची-१(ख) मा रहेको प्रश्नावली बमोजिम तथ्याङ्क एवम् जानकारी संकलन गरिएको छ ।

**तालिका ३.३: बैंक तथा वित्तीय संस्था अनुसार नमुना संख्या**

| बैंक तथा वित्तीय संस्था | नमुना संख्या | | |
|---|---|---|---|
| | **बाँके** | **बर्दिया** | **दाङ** |
| राष्ट्रिय वाणिज्य बैंक लि. | १३ | ५ | ४० |
| एन.एम.बी. बैंक लि. | १७ | - | - |
| सिटिजन्स बैंक लि. | २० | - | ८ |
| नेपाल बंग्लादेश बैंक लि. | १६ | - | १० |
| बैंक अफ काठमाण्डौं लि. | १६ | - | - |
| एभरेष्ट बैंक लि. | ७ | १४ | - |
| लक्ष्मी बैंक लि. | १५ | ९ | - |
| हिमालयन बैंक लि. | ११ | - | - |
| सेन्चुरी कमर्सियल बैंक लि. | - | ८ | ९ |
| मेगा बैंक लि. | - | ५ | १२ |
| नबिल बैंक लि. | - | ८ | - |
| नेपाल बैंक लिमिटेड लि. | - | २१ | १५ |
| माछापुच्छ्रे बैंक लि. | - | १२ | - |
| सिभिल बैंक लि. | - | - | २० |
| सानिमा बैंक लि. | - | - | १५ |
| मुक्तिनाथ विकास बैंक लि. | - | - | १८ |
| कृषि विकास बैंक लि. | - | - | १२ |
| जम्मा | **११५** | **८२** | **१५९** |


३.७ शिक्षित युवा स्वरोजगार कर्जा, विदेशबाट फर्केका युवा परियोजना कर्जा, दलित समुदाय व्यवसाय कर्जा र उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जामा नमुना सङ्ख्या न्यून रहेकोले तथ्याङ्क विश्लेषणको लागि समग्रामा अन्य कर्जा शीर्षक अन्तर्गत राखिएको छ । प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुलाई वर्णनात्मक तथ्याङ्क (Descriptive Statistics) विधिबाट विश्लेषण गर्नुका साथै प्रतिशत, प्रवृत्ति, औसत, तालिकीकरण तथा पाई चार्ट लगायतका अन्य तथ्याङ्कीय औजारबाट विश्लेषण गरिएको छ ।

# परिच्छेद ४ : तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

## सर्वेक्षणमा सहभागी उत्तरदाताहरुको वर्गीकरण

४.१ यस सर्वेक्षणमा बाँके, बर्दिया र दाङ जिल्लाका ३५६ ऋणीहरुको सहभागिता रहेको छ। बाँकेबाट ३२.५० प्रतिशत, बर्दियाबाट २२.९७ प्रतिशत र दाङबाट सर्वाधिक ४४.५३ प्रतिशत नमुना संकलन गरिएको छ।

चार्ट ४.१: जिल्लागत नमुना विवरण (प्रतिशत)




स्रोत: फिल्ड सर्वेक्षण

४.२ सर्वेक्षणमा सहुलियतपूर्ण कर्जाका १० वटा शीर्षकहरुमध्ये अध्ययन क्षेत्रमा ६ प्रकारका कर्जा मात्र प्रवाह भएको देखिन्छ। महिला उद्यमशील कर्जाबाट ५०.०० प्रतिशत, व्यवसायिक कृषि तथा पशुपन्छी कर्जाबाट ३९.३३ प्रतिशत, दलित कर्जाबाट ५.९० प्रतिशत र विदेशबाट फर्केका युवा परियोजना कर्जाबाट २.२५ प्रतिशत नमुना लिइएको छ। सबैभन्दा कम शिक्षित युवा स्वरोजगार कर्जाबाट १.६८ प्रतिशत एवम् उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जाबाट ०.८४ प्रतिशत नमुना लिइएको छ ( तालिका ४.१)।

**तालिका ४.१: सहुलियतपूर्ण कर्जाको वर्गीकरण अनुसार नमुना प्रतिशत**

| ***कर्जाको किसिम*** | **प्रतिशत** |
|---|---|
| व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ३९.३३ |
| शिक्षित युवा स्वरोजगार कर्जा | १.६८ |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | २.२५ |
| महिला उद्यमशील कर्जा | ५०.०० |
| उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | ०.८४ |
| दलित समुदाय व्यवसाय कर्जा | ५.९० |
| **जम्मा नमुना (प्रतिशत)** | १००.०० |

स्रोत: फिल्ड सर्वेक्षण

## व्यवसायको सञ्चालन अवधि

४.३ सर्वेक्षणमा आफ्नो उद्योग/व्यवसायहरुको सञ्चालन अवधि ६ वर्षदेखि १० वर्षसम्म रहेको बताउने सहभागीहरु २०.२२ प्रतिशत रहेका छन्। व्यवसाय सञ्चालन अवधि पाँच वर्ष वा सो भन्दा कम रहेको बताउने सहभागीहरु ६७.६९ प्रतिशत रहेका छन् (तालिका ४.२)।

**तालिका ४.२: सञ्चालन अवधि अनुसार नमुना प्रतिशत**

| **सञ्चालन अवधि** | **प्रतिशत** | **सञ्चित प्रतिशत** |
|---|---|---|
| ०-१ वर्ष | १७.१३ | १७.१३ |
| १-२ वर्ष | १६.५७ | ३३.७० |
| २-३ वर्ष | ११.२४ | ४४.९४ |
| ३-४ वर्ष | १२.६४ | ५७.५८ |
| ४-५ वर्ष | १०.११ | ६७.६९ |
| ५-१० वर्ष | २०.२२ | ८७.९१ |
| १० वर्ष भन्दा माथि | १२.०९ | १०० |

स्रोत: फिल्ड सर्वेक्षण

## व्यावसायिक लगानी

४.४ करिब ५० प्रतिशतले आफ्नो व्यवसायमा रु.२० लाख भन्दा बढी लगानी गरेको पाइएको छ। त्यसैगरी, ३२.३१ प्रतिशत सहभागीहरुले १० लाखदेखि २० लाखसम्म र

१७.९७ प्रतिशत सहभागीहरुले १ लाखदेखि १० लाखसम्म लगानी गरेको देखिएको छ (तालिका ४.३) ।

४.५ कर्जाको शीर्षकका आधारमा कृषि व्यवसायमा ७.०२ प्रतिशत, महिला उद्यमशीलतामा ७.५८ प्रतिशत र अन्य (सर्वेक्षणमा संलग्न कृषि र महिला बाहेक अन्य सहुलियतपूर्ण कर्जाको शीर्षकमा) ३.३७ प्रतिशतले १ लाखदेखि १० लाखसम्म लगानी गरेको देखिएको छ । त्यसैगरी, कृषि, महिला र अन्य शीर्षकमा क्रमशः ६.७४ प्रतिशत, २०.२३ प्रतिशत र ५.३४ प्रतिशतले १० लाखदेखि २० लाखसम्मको लगानी गरेको र कृषि, महिला र अन्य शीर्षकमा क्रमशः २५.५६ प्रतिशत, २२.१९ प्रतिशत र १.९७ प्रतिशतले २० लाख भन्दा माथि लगानी गरेको पाइएको छ । करिब ५० प्रतिशतले आफ्नो व्यवसायमा रु.२० लाख भन्दा माथिको लगानी गरेको पाइएको छ (तालिका ४.३) ।

**तालिका ४.३: सहुलियतपूर्ण कर्जाको शीर्षक अनुसार लगानी (प्रतिशत)**

| लगानी | कर्जाको शीर्षक | | | |
|---|---|---|---|---|
| | कृषि | महिला | अन्य शीर्षक | **जम्मा** |
| १-१० लाखसम्म | ७.०२ | ७.५८ | ३.३७ | १७.९७ |
| १०-२० लाखसम्म | ६.७४ | २०.२३ | ५.३४ | ३२.३१ |
| २० लाखदेखि माथि | २५.५६ | २२.१९ | १.९७ | ४९.७२ |

स्रोतः फिल्ड सर्वेक्षण

४.६ जिल्लागत रुपमा सहुलियतपूर्ण कर्जाबाट सञ्चालित उद्योगी/व्यवसायीहरुको जम्मा लगानीलाई हेर्दा बाँके जिल्लामा सर्वाधिक ४७.८३ प्रतिशतले २० लाखभन्दा माथि लगानी गरेको देखिन्छ भने सबैभन्दा कम १५.६५ प्रतिशतले १ लाखदेखि १० लाखसम्म लगानी गरेको देखिन्छ । त्यसैगरी, बर्दिया जिल्लामा सबैभन्दा धैरै ३५.३७ प्रतिशतले २० लाखभन्दा माथि लगानी गरेको देखिन्छ भने सबैभन्दा कम ३०.४९ प्रतिशतले १० लाखदेखि २० लाखसम्म र दाङ जिल्लामा सबैभन्दा धैरै ५८.४९ प्रतिशतले २० लाख भन्दा माथि लगानी गरेको देखिन्छ भने सबैभन्दा कम ११.३२ प्रतिशतले १ लाखदेखि १० लाखसम्म लगानी गरेको देखिन्छ (तालिका४.४) ।

**तालिका ४.४: सहुलियतपूर्ण कर्जाको जिल्लागत लगानी (प्रतिशत)**

| लगानी | जिल्ला | | |
|---|---|---|---|
| | बाँके | बर्दिया | दाङ |
| १-१० लाखसम्म | १५.६५ | ३४.१५ | ११.३२ |
| १०-२० लाखसम्म | ३६.५२ | ३०.४९ | ३०.१९ |
| २० लाखदेखि माथि | ४७.८३ | ३५.३७ | ५८.४९ |
| जम्मा | १०० | १०० | १०० |

स्रोतः फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जाका साथै अरु शीर्षकमा कर्जा लिएको/नलिएको अवस्था

४.७ सर्वेक्षणमा सहुलियतपूर्ण कर्जाका साथै अन्य शीर्षकमा समेत कर्जा लिई उद्योग/व्यवसाय सञ्चालन गर्ने सहभागीहरु १६.२९ प्रतिशत रहेका छन् भने बाँकी ८३.७१ प्रतिशतले अन्य शीर्षकमा कर्जा नलिएको बताएका छन् (तालिका४.५) ।

४.८ जिल्लागत रुपमा बाँके जिल्लामा १४.७८ प्रतिशतले अन्य शीर्षकमा कर्जा लिएको र ८५.२२ प्रतिशतले अन्य शीर्षकमा कर्जा नलिएको बताएका छन् । बर्दिया जिल्लामा अरु शीर्षकमा कर्जा लिने र नलिने सहभागीहरु क्रमशः २४.४० प्रतिशत र ७५.६० प्रतिशत रहेका छन् भने दाङ जिल्लामा कर्जा लिने र नलिने सहभागीहरु क्रमशः १३.२० प्रतिशत र ८६.८० प्रतिशतरहेका छन् (तालिका४.५) ।

**तालिका ४.५: सहुलियतपूर्ण कर्जाका साथै अन्य कर्जा समेत लिएका सहभागीहरु (प्रतिशत)**

| जिल्ला | कर्जाको शीर्षक | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | | महिला | | अन्य | | | |
| | लिएको | नलिएको | लिएको | नलिएको | लिएको | नलिएको | लिएको | नलिएको |
| बाँके | २५.५८ | ७४.४२ | ८.३३ | ९१.६७ | ८.३३ | ९१.६७ | **१४.७८** | **८५.२२** |
| बर्दिया | २१.६२ | ७८.३८ | ३१.५८ | ६२.४२ | ०।०० | १००।०० | **२४.४०** | **७५.६०** |
| दाङ | २१.६७ | ७८.३३ | ६.२५ | ९३.७५ | १५.७९ | ८४.२१ | **१३.२०** | **८६.८०** |
| **जम्मा** | | | | | | | **१६.२९** | **८३.७१** |

स्रोतः फिल्ड सर्वेक्षण

## औषत सहुलियतपूर्ण कर्जा प्रवाह

४.९ सर्वेक्षणमा कृषि तथा पशुपन्छी व्यवसायमा औषत लगानी सबैभन्दा धैरै रु.४२.५१ लाख रहेको देखिन्छ । त्यसैगरी, महिला उद्यमशीलता कर्जामा औषत लगानी रु.११.१० लाख र अन्य शीर्षकमा औषत लगानी रु.६.४१ लाख रहेको देखिन्छ (तालिका ४.६) ।

**तालिका ४.६: औषत सहुलियतपूर्ण कर्जा प्रवाह (रु. लाखमा)**

| जिल्ला | कृषि | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| बाँके | २३१८.०० | ६५५.०० | ९२.९० | **३०६५.९०** |
| बर्दिया | १०९७.०० | ३८३.०० | ४६.०० | **१५२६.००** |
| दाङ | २५३७.०० | ९३७.५० | १०४.५० | **३५७९.००** |
| जम्मा कर्जा प्रवाह (क) | ५९५२.०० | १९७५.५० | २३४.४० | **८१७०.९०** |
| नमुना संख्या (ख) | १४० | १७८ | ३८ | **३५६** |
| औषत कर्जा प्रवाह (क/ख) | **४२.५१** | **११.१०** | **६.४१** | **२२.९५** |

स्रोत: फिल्ड सर्वेक्षण

## जम्मा व्यवसायिक लगानीमा सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशत)

४.१० सर्वेक्षणमा सहभागीहरुले उद्योग/व्यवसायमा गरेको जम्मा लगानीमा सहुलियतपूर्ण कर्जाको अंश ४८.६५ प्रतिशत रहेको देखिन्छ। सो अंश बर्दिया, दाङ र बाँके जिल्लामा क्रमशः ६८.१० प्रतिशत, ६३.१३ प्रतिशत र ३४.५० प्रतिशत रहेको देखिन्छ (तालिका ४.७)।

**तालिका ४.७: जम्मा व्यवसायिक लगानीमा सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशत)**

| जिल्ला | जम्मा व्यवसायिक लगानी (रु. लाखमा) | सहुलियतपूर्ण कर्जा (रु. लाखमा) | लगानीमा सहुलियतपूर्ण कर्जाको अंश (प्रतिशत) |
|---|---|---|---|
| बाँके | ८८८५.०० | ३०६५.९० | **३४.५०** |
| बर्दिया | २२४०.५० | १५२६.०० | **६८.१०** |
| दाङ | ५६६९.०० | ३५७९.०० | **६३.१३** |
| जम्मा | **१६७९४.५०** | **८१७०.९०** | **४८.६५** |

स्रोत: फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारीको स्रोत

४.११ सर्वेक्षणमा सहभागीहरुले सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारी साथीभाईबाट ४५.२३ प्रतिशतले, आफन्तबाट १६.८५ प्रतिशतले, सामाजिक सञ्जालबाट १८.२६ प्रतिशतले, विज्ञापनबाट ६.१८ प्रतिशतले तथा अन्य स्रोतबाट (बैंक तथा वित्तीय संस्था, सहकारी लयागत) १३.४८ प्रतिशतले पाएको बताएका छन् (तालिका४.८)।

**तालिका ४.८: सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारी (प्रतिशतमा)**

| जिल्ला/ जानकारीको श्रोत | साथीभाई | आफन्त | सामाजिक सञ्जाल | विज्ञापन | अन्य |
|---|---|---|---|---|---|
| बाँके | ४७.८३ | १८.२६ | २४.२५ | ५.२२ | ४.३५ |
| बर्दिया | ३९.०२ | १२.२० | २१.९५ | ४.८८ | २१.९५ |
| दाङ | ४६.५४ | १८.२४ | ११.९५ | ७.५५ | १५.७२ |
| **कुल जम्मा** | **४५.२३** | **१६.८५** | **१८.२६** | **६.१८** | **१३.४८** |

स्रोत: फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव

४.१२ सर्वेक्षणमा सहुलियतपूर्ण कर्जा सहज ढङ्गले प्राप्त गर्ने सहभागीहरु ७३.८८ प्रतिशत, केही झन्झट अनुभव गरेर कर्जा प्राप्त गर्ने २१.९१ प्रतिशत र अत्यन्त झन्झट अनुभव गरेर कर्जा प्राप्त गर्ने सहभागीहरु ४.२१ प्रतिशत रहेका छन् । अत्यन्त झन्झट व्यहोर्नेको हिस्सा तुलनात्मक रुपमा बाँके जिल्लामा बढी पाइयो (तालिका ४.९) ।


**तालिका ४.९: सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव**

| जिल्ला/अवस्था | सहज | केही झन्झट | अत्यन्त झन्झट |
|---|---|---|---|
| बाँके | ७०.४४ | २२.६० | ६.९६ |
| बर्दिया | ८४.१५ | १४.६३ | १.२२ |
| दाङ | ७१.०७ | २५.१६ | ३.७७ |
| **कुल जम्मा** | **७३.८८** | **२१.९१** | **४.२१** |

स्रोत: फिल्ड सर्वेक्षण

४.१३ जिल्लागत रुपमा सहज, केही झन्झट र अत्यन्त झन्झट अनुभव गरेर कर्जा प्राप्त गर्ने सहभागीहरु बाँकेमा क्रमश: ७०.४४ प्रतिशत २२.६० प्रतिशत र ६.९६ प्रतिशत रहेका छन् । त्यस्तै, बर्दियामा सो अनुभव गर्ने सहभागीहरु क्रमश: ८४.१५ प्रतिशत, १४.६३ प्रतिशत र १.२२ प्रतिशत तथा दाङमा क्रमश: ७१.०७ प्रतिशत २५.१६ प्रतिशत र ३.७७ प्रतिशत रहेका छन् । **सहज एवम् अत्यन्त कम झन्झटका साथ कर्जा प्राप्त गरेको अनुभव गर्नेको हिस्सा तुलनात्मक रुपमा बर्दिया जिल्लामा बढी रहेको पाइएको छ भने अत्यन्त झन्झट अनुभव गर्नेको हिस्सा तुलनात्मक रुपमा बाँके जिल्लामा बढी रहेको देखिन्छ** (तालिका ४.९, चार्ट ४.२) ।

**चार्ट ४.२: सहुलियतपूर्ण कर्जा प्राप्त गर्दाको अनुभव (प्रतिशत)**




स्रोत: फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जाको पहुँचको अवस्था

४.१४ सर्वेक्षणमा सहूलियतपूर्ण कर्जा सर्वसाधारण वा पहुँचवाला कसले प्राप्त गरेका छन् भन्ने प्रश्नमा ८९.०४ प्रतिशत सहभागीहरुले सर्वसाधारणले प्राप्त गरेको बताएका छन् भने १०.९६ प्रतिशत सहभागीहरुले पहुँचवाला व्यक्तिले मात्र कर्जा पाएको बताएका छन् (तालिका४.१०) ।

४.१५ कर्जागत रुपमा कृषि, महिला र अन्य शीर्षकमा सहूलियतपूर्ण कर्जा सर्वसाधारणको पहुँचमा पुगेको छ भन्ने सहभागीहरु क्रमश: ८६.९५ प्रतिशत, ९८.७८ प्रतिशत र ८५.५३ प्रतिशत रहेका छन् भने कृषि, महिला र अन्य शीर्षकमा पहुँचवालाले मात्र प्राप्त गरेका छन् भन्ने सहभागीहरु क्रमश: १३.०५ प्रतिशत, १.२२ प्रतिशत र १४.४७ प्रतिशत रहेका छन् (तालिका४.१०) ।

**तालिका ४.१०: सहुलियतपूर्ण कर्जाको पहुँचको अवस्था (प्रतिशत)**

| जिल्ला | बाँके | | बर्दिया | | दाङ | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | सर्वसाधारण ले समेत प्राप्त गरेको | पहुँचवालाले मात्र प्राप्त गरेको | सर्वसाधारण ले समेत प्राप्त गरेको | पहुँचवालाले मात्र प्राप्त गरेको | सर्वसाधारण ले समेत प्राप्त गरेको | पहुँचवाला ले मात्र प्राप्त गरेको | सर्वसाधारण ले समेत प्राप्त गरेको | पहुँचवाला ले मात्र प्राप्त गरेको |
| कृषि | ३१.३ | ६.०९ | ४३.९ | १.२२ | ३२.०७ | ५.६६ | **८६.९५** | **१३.०५** |
| महिला | ४८.७ | ३.४८ | ४६.३४ | 0।00 | ४५.९१ | ४.४ | **९८.७८** | **१.२२** |
| अन्य | ६.९७ | ३.४८ | ८.५४ | 0।00 | ७.५५ | ४.४ | **८५.५३** | **१४.४७** |
| **जम्मा** | **८६.९७** | **१३.०५** | **९८.७८** | **१.२२** | **८५.५३** | **१४.४६** | **८९.०४** | **१०.९६** |

स्रोत: फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जा रकमको व्यवसायमा लगानी (एकमुष्ट/किस्ताबन्दी)

४.१६ सर्वेक्षणमा सहूलियतपूर्ण कर्जा व्यवसायमा एकमुष्ट रुपमा लगानी गर्ने सहभागीहरु ५१.६७ प्रतिशत रहेका छन् भने किस्ताबन्दीमा लगानी गर्ने सहभागीहरु ४८.३३ प्रतिशत रहेका छन् (तालिका४.११) ।


**तालिका ४.११: जिल्लागत सहुलियतपूर्ण कर्जा रकम व्यवसायमा एकमुष्ट/किस्ताबन्दी लगानी प्रतिशत)**

| जिल्ला | एकमुष्ट | | | किस्ताबन्दी | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | महिला | अन्य | कृषि | महिला | अन्य | एकमुष्ट | किस्ताबन्दी |
| बाँके | १४.७९ | ३१.३ | ४.३५ | २२.६ | २०.८७ | ६.०९ | ५०.४४ | ४९.५६ |
| बर्दिया | ३१.७ | २६.८३ | ४.८७ | १३.४२ | १९.६ | ३.५८ | ६३.४० | ३६.६० |
| दाङ | १४.४६ | २९.५६ | २.४२ | २३.४ | २०.७३ | ९.४३ | ४६.४४ | ५३.५६ |

स्रोतः फिल्ड सर्वेक्षण

४.१७ सर्वेक्षणमा व्यवसायमा एकमुष्ट र किस्ताबन्दी लगानी गर्ने सहभागीहरु क्रमशः बाँकेमा ५०.४४ प्रतिशत र ४९.५६ प्रतिशत, बर्दियामा ६३.४० प्रतिशत र ३६.६० प्रतिशत तथा दाङमा ४६.४४ प्रतिशत र ५३.५६ प्रतिशत रहेका छन् (चार्ट४.३) ।

**चार्ट ४.३: जिल्लागत सहुलियतपूर्ण कर्जा रकमको व्यवसायमा लगानी (एकमुष्ट/किस्ताबन्दी)**





स्रोतःफिल्ड सर्वेक्षण

४.१८ कर्जागत रुपमा एकमुष्ट र किस्ताबन्दी लगानी गर्ने सहभागीहरु क्रमशः कृषि कर्जामा ४७.१४ प्रतिशत र ५२.८६ प्रतिशत, महिला उद्यमशीलता कर्जामा ५८.९९ प्रतिशत र

४१.०१ प्रतिशत तथा अन्य कर्जामा ३४.२१ प्रतिशत र ६५.७९ प्रतिशत रहेका छन् (चार्ट ४.४) ।

**चार्ट ४.४: सहुलियतपूर्ण कर्जा एकमुस्ट/किस्ताबन्दी लगानी (प्रतिशत)**




स्रोत:फिल्ड सर्वेक्षण

## बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन

४.१९ सर्वेक्षणमा बैंकले कर्जा प्रवाह गरिसकेपछि व्यवसायको अनुगमन गर्न आएको बताउने सहभागीहरु ९५.२३ प्रतिशत रहेका छन् भने अनुगमन गर्न नआएको बताउने ४.७७ प्रतिशत रहेका छन् (तालिका४.१२) ।

**तालिका ४.१२: बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन गरेको/नगरेका (प्रतिशत)**


| जिल्ला | अनुगमन गरेको | | | जम्मा अनुगमन गरेको | अनुगमन नगरेको | | | जम्मा अनुगमन नगरेको |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | महिला | अन्य | | कृषि | महिला | अन्य | |
| **बाँके** | ३२.१७ | ५२.१७ | ९.५७ | **९३.९१** | ५.२२ | ०।०० | ०.८७ | **६.०९** |
| **बर्दिया** | ४३.९ | ४१.४६ | ७.३१ | **९२.६७** | १.२२ | ४.८८ | १.२३ | **७.३३** |
| **दाङ** | ३५.२२ | ५०.३१ | ११.९५ | **९७.४८** | २.५२ | ०।०० | ०।०० | **२.५२** |
| औषत प्रतिशत | ३६.६४ | ४८.८८ | १०.११ | **९५.२३** | ३.०९ | १.१२ | ०.५६ | **४.७७** |

स्रोत: फिल्ड सर्वेक्षण

४.२० जिल्लागत रुपमा व्यवसायको अनुगमन गर्न आएको र नआएको बताउने सहभागीहरु बाँकेमा क्रमश: ९३.९१ प्रतिशत र ६.०९ प्रतिशत, त्यस्तै बर्दियामा ९२.६७ प्रतिशत र ७.३३ प्रतिशत तथा दाङमा ९७.४८ प्रतिशत र २.५२ प्रतिशत रहेका छन् ।

तुलनात्मक रुपमा अनुगमनको हिस्सा दाङ जिल्लामा बढी र बर्दिया जिल्लामा कम रहेको देखिन्छ (चार्ट४.५)।

**चार्ट ४.५: बैंक तथा वित्तीय संस्थाहरुबाट व्यवसायको अनुगमन गरेको/नगरेको (प्रतिशत)**




स्रोत: फिल्ड सर्वेक्षण

## कर्जाबाट सहभागीहरुको आर्थिक अवस्थामा आएको परिवर्तन

४.२१ सर्वेक्षणमा आर्थिक अवस्थामा उस्तै, सामान्य परिवर्तन भएको र राम्रो भएको बताउने सहभागीहरु बाँकेमा क्रमश: ६.०८ प्रतिशत, ५३.९१ प्रतिशत र ४०.०१ प्रतिशत रहेका छन्। त्यसैगरी, बर्दियामा ६.१० प्रतिशत, ५७.३१ प्रतिशत र ३६.५९ प्रतिशतले तथा दाङमा ८.१० प्रतिशत, ४३.४० प्रतिशत र ४८.५० प्रतिशतले क्रमश: उस्तै, सामान्य परिवर्तन भएको र राम्रो भएको बताएका छन् (तालिका४.१३)।

**तालिका ४.१३: कर्जाबाट आर्थिक अवस्थामा आएको परिवर्तन**

| जिल्ला | उस्तै | सामान्य | राम्रो |
|---|---|---|---|
| बाँके | ६.०८ | ५३.९१ | ४०.०१ |
| बर्दिया | ६.१ | ५७.३१ | ३६.५९ |
| दाङ | ८.१ | ४३.४ | ४८.५ |

स्रोत: फिल्ड सर्वेक्षण

४.२२ समग्रमा सहुलियतपूर्ण कर्जाबाट करिब ५० प्रतिशत सहभागीहरुको आर्थिक अवस्थामा सामान्य सुधारभएको देखिएको छ (चार्ट ४.६)। त्यसैगरी, ४२.९८ प्रतिशत

सहभागीहरुको आर्थिक अवस्थामा राम्रो सुधार भएको र ७.०२ प्रतिशत सहभागीहरुको आर्थिक अवस्था खासै परिवर्तन नभई उस्तै रहेको सर्वेक्षणमा देखिएको छ ।

**चार्ट ४.६: सहुलियतपूर्ण कर्जाबाट आर्थिक अवस्थामा आएको परिवर्तन**




स्रोतः फिल्ड सर्वेक्षण

## रोजगारी

४.२३ सर्वेक्षणमा ८९.६० प्रतिशत सहभागीहरुले आफ्ना परिवारका सदस्यहरुलाई समेत व्यवसायमा संलग्न गराएको देखिन्छ भने १०.४० प्रतिशतले एकल रुपमा व्यवसाय सञ्चालन गरेको पाइएको छ। त्यसैगरी, बाँके, बर्दिया र दाङमा क्रमशः ९१.३ प्रतिशत, ९७.५६ प्रतिशत र ८४.२८ प्रतिशत सहभागीहरुले आफ्ना परिवारका सदस्यहरुलाई व्यवसायमा संलग्न गराएको देखिन्छ (तालिका४.१४) ।

**तालिका ४.१४: उद्योग/व्यवसायबाट सिर्जित पारिवारिक रोजगारी (प्रतिशत)**

| जिल्ला/ व्यवसाय | आंशिक रोजगारी (परिवार) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | | महिला | | अन्य | | **जम्मा** | |
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| बाँके | ३३.९१ | ३.४८ | ४८.७ | ३.४८ | ८.७ | १.७४ | ९१.३ | ८.७ |
| बर्दिया | ४२.६८ | २.४४ | ४६.३४ | ० | ८.५४ | ० | ९७.५६ | २.४४ |
| दाङ | ३५.८५ | १.८९३ | ३८.३६ | ११.९५ | १०.०६ | १.८९ | ८४.२८ | १५.७२ |
| **जम्मा** | ३६.८ | २.५३ | ४३.५४ | ६.४६ | ९.२७ | १.४ | **८९.६** | **१०.४** |

स्रोतः फिल्ड सर्वेक्षण

४.२४ सर्वेक्षणमा संलग्न सहभागीहरुमध्ये ३९.६१ प्रतिशतलले आफ्ना परिवारका सदस्य बाहेक अन्य कर्मचारी र कामदारहरुलाई रोजगारी दिएको पाइएको छ भने ६०.३९ प्रतिशतले कुनै पनि कामदार तथा कर्मचारी राखेको पाइएन (तालिका४.१६) ।

४.२५ सर्वेक्षणमा उद्योग/व्यवसायबाट रोजगारी उपलब्ध गराउने र नगराउने सहभागीहरु बाँकेमा क्रमशः ३५.६५ प्रतिशत र ६४.३५ प्रतिशत, बर्दियामा ३२.९३ प्रतिशत र ६७.०७ प्रतिशत तथा दाङमा ४५.९१ प्रतिशत र ५४.०९ प्रतिशत रहेको पाइएको छ (तालिका४.१५) ।

**तालिका ४.१५: उद्योग/व्यवसायबाट सिर्जित बाह्य रोजगारी (प्रतिशत)**

| जिल्ला/ व्यवसाय | पूर्ण रोजगारी | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | | महिला | | अन्य | | | |
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| बाँके | १९.१३ | १८.२ | १२.१७ | ४० | ४.३५ | ६.०९ | **३५.६५** | **६४.३५** |
| बर्दिया | १५.८५ | २९.२७ | १२.२ | ३४.१५ | ४.८७ | ३.६५ | **३२.९३** | **६७.०७** |
| दाङ | २३.९ | १३.८४ | १५.०९ | ३५.२२ | ६.९२ | ५.०३ | **४५.९१** | **५४.०९** |
| **जम्मा** | २०.५ | १८.८२ | १३.४८ | ३६.५२ | ५.६२ | ५.०६ | **३९.६१** | **६०.३९** |

स्रोतः फिल्ड सर्वेक्षण

## परिवारका अन्य सदस्यहरुले सहुलियतपूर्ण कर्जा लिए/नलिएको

४.२६ सर्वेक्षणमा आफ्नो परिवारका अन्य सदस्यहरुले समेत सहुलियतपूर्ण कर्जा लिएको बताउने सहभागीहरु २ जना मात्र रहेका छन् भने ३५४ सहभागीहरुले परिवारका अन्य सदस्यले सहुलियतपूर्ण कर्जा नलिएको बताएका छन् (तालिका४.१६) ।

**तालिका ४.१६: परिवारका अन्य सदस्यहरुले सहुलियतपूर्ण कर्जा लिए/नलिएको(प्रतिशत)**

| जिल्ला | लिएको | नलिएको |
|---|---|---|
| बाँके | ० | ११५ |
| बर्दिया | २ | ८० |
| दाङ | ० | १५९ |
| **जम्मा** | **२** | **३५४** |

स्रोतः फिल्ड सर्वेक्षण

## कर्जा रकम र व्यवसायको मूल्याङ्कित रकम

४.२७ सर्वेक्षणमा ९८.३६ प्रतिशत सहभागीहरुले सहुलितपूर्ण कर्जाको रकम भन्दा व्यवसायको मूल्याङ्कित रकम बढी भएको बताएका छन् भने १.६४ प्रतिशत सहभागीहरुले व्यवसायको मूल्याङ्कित रकम भन्दा सहुलियतपूर्ण कर्जाको रकम बढी भएको बताएका छन् (तालिका४.१७) ।

**तालिका ४.१७: कर्जा रकम र व्यवसायको मूल्याङ्कित रकमको तुलना**

| सहुलियतपूर्ण कर्जाको शीर्षक | जम्मा (संख्या) | | प्रतिशत | |
|---|---|---|---|---|
| | कर्जा रकम बढी भएको | व्यवसायको मूल्याङ्कित रकम बढी भएको | कर्जा रकम बढी भएको | व्यवसायको मूल्याङ्कित रकम बढी भएको |
| कृषि | २ | १३८ | १.४३ | ९८.५७ |
| महिला | ० | १७८ | ० | १०० |
| अन्य | ४ | ३४ | १०.५३ | ८९.४७ |
| जम्मा | ६ | ३५० | **१.६४** | **९८.३६** |

स्रोतः फिल्ड सर्वेक्षण

## जम्मा लगानीमा आम्दानीको अंश (प्रतिशत)

४.२८ व्यवसायमा गरेको कूल लगानी र व्यवसायको प्रतिफल तुलना गर्दा कुल लगानीको १८.८३ प्रतिशत वार्षिक रुपमा आम्दानी हुने गरेको देखिन्छ (तालिका४.१८)।

४.२९ कर्जागत रुपमा सो आम्दानी कृषि कर्जामा १८.४३ प्रतिशत, महिला उद्यमी कर्जामा १८.७५ प्रतिशत र अन्य कर्जामा २५.५७ प्रतिशत रहेको छ। जिल्लागत रुपमा सो आम्दानीमा बाँकेमा १४.८३ प्रतिशत, बर्दियामा २६.४४ प्रतिशत र दाङमा २२.०८ प्रतिशत रहेको छ (तालिका४.१८)।

**तालिका ४.१८: जम्मा लगानीमा आम्दानीको अंश (रु.लाखमा)**

| जिल्ला | बाँके | | बर्दिया | | दाङ | | जम्मा | | प्रतिफल प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | लगानी | आम्दानी | लगानी | आम्दानी | लगानी | आम्दानी | लगानी | आम्दानी | |
| कृषि | ७४४९ | ८४६.९ | १३८४ | ३८४.३ | ३५५४ | १०५१ | १२३८६ | २२८२ | **१८.४३** |
| महिला | १२८९ | ४२९.६ | ७७१ | १८६ | १८१० | १०९.८ | ३८७० | ७२५.४ | **१८.७५** |
| अन्य | १४७ | ४१ | ८६ | २२ | ३०६ | ९१ | ५३९ | १५४ | **२८.५७** |
| जम्मा | ८८८५ | १३१७.५ | २२४१ | ५९२.३ | ५६६९ | १२५२ | १६७९५ | ३१६२ | **१८.८३** |
| प्रतिफल प्रतिशत | **१४.८३** | | **२६.४४** | | **२२.०८** | | **१८.८३** | | |

स्रोतः फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जामा आम्दानीको अंश (प्रतिशत)

४.३० सर्वेक्षणमा सहुलियतपूर्ण कर्जा रकमको बार्षिक रुपमा ३८.६९ प्रतिशत आम्दानी हुने देखिएको छ (तालिका४.१९)।

४.३१ कर्जागत रुपमा सो आम्दानी  कृषि कर्जामा ३८.३४ प्रतिशत, महिला उद्यमशील कर्जामा ३६.७२ प्रतिशत र अन्य कर्जामा ६३.२७ प्रतिशत रहेको छ । जिल्लागत रुपमा सो आम्दानी बाँकेमा ४२.९७ प्रतिशत, बर्दियामा ३८.८१ प्रतिशत र दाङमा ३४.९८ प्रतिशत हुने सर्वेक्षणमा देखिएको छ (तालिका४.१९) ।

**तालिका ४.१९: सहुलियतपूर्ण कर्जामा आम्दानीको अंश (प्रतिशत)**

| जिल्ला | बाँके | | बर्दिया | | दाङ | | जम्मा | | आम्दानी कर्जा अनुपात |
|---|---|---|---|---|---|---|---|---|---|
| | कर्जा | आम्दानी | कर्जा | आम्दानी | कर्जा | आम्दानी | कर्जा | आम्दानी | |
| कृषि | २३१८ | ८४६.९ | १०९७ | ३८४.३ | २५३७ | १०५१ | ५९५२ | २२८२ | **३८.३४** |
| महिला | ६५५ | ४२९.६ | ३८३ | १८६ | ९३७.५ | ११० | १९७६ | ७२५.४ | **३६.७२** |
| अन्य | ९२१९ | ४१ | ४६ | २२ | १०४.५ | ९१ | २४३ | १५४ | **६३.२७** |
| जम्मा | ३०६६ | १३१८ | १५२६ | ५९२ | ३५७९ | १२५२ | ८१७१ | ३१६२ | **३८.६९** |
| आम्दानी कर्जा | **४२.९७** | | **३८.८१** | | **३४.९८** | | **३८.६९** | | |

स्रोत: फिल्ड सर्वेक्षण

## शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा भएको परिवर्तन

४.३२ सर्वेक्षणमा ९६.०६ प्रतिशत सहभागीहरुको शिक्षा, स्वस्थ्य लगायत दैनिक उपभोग्य वस्तुको गुणस्तरमा सुधार भएको र ३.९४ प्रतिशत सहभागीहरुको उल्लेखित कुराहरुमा सुधार नभएको देखिएको छ (तालिका४.२०) ।

४.३३ कर्जागत रुपमा कृषि कर्जामा ९६.४३ प्रतिशत सहभागीहरुले शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा सुधार भएको र ३.५७ प्रतिशत सहभागीहरुले सुधार नभएको बताएका छन् । त्यसैगरी, महिला उद्यमशीलता कर्जामा ९७.७५ प्रतिशतले सुधार भएको र २.२५ प्रतिशतले सुधार नभएको बताएका छन् भने अन्य कर्जामा ८६.८४ प्रतिशतले सुधार भएको र १३.१६ प्रतिशतले सुधार नभएको बताएका छन् (तालिका ४.२०) ।

४.३४ जिल्लागत रुपमा बाँकेमा ९०.४३ प्रतिशत सहभागीहरुले शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा सुधार भएको र ९.५७ प्रतिशत सहभागीहरुले सुधार नभएको बताएका छन् । त्यस्तै, बर्दियामा सुधार भएको र नभएको बताउने सहभागीहरु क्रमशः ९६.३४ प्रतिशत र ३.६६ प्रतिशत तथा दाङमा क्रमशः ९५.६० प्रतिशत र ४.४० प्रतिशत रहेका छन् (तालिका ४.२०) ।

**तालिका ४.२०: सहुलियतपूर्ण कर्जाले शिक्षा, स्वास्थ्य लगायत दैनिक उपभोगका वस्तुको गुणस्तरमा परिवर्तन भएको/नभएको**

| जिल्ला/ व्यवसाय | कृषि (संख्या) | | महिला (संख्या) | | अन्य (संख्या) | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | परिवर्तन भएको | परिवर्तन नभएको | परिवर्तन भएको | परिवर्तन नभएको | परिवर्तन भएको | परिवर्तन नभएको | परिवर्तन भएको | परिवर्तन नभएको |
| बाँके | ४२ | १ | ५९ | १ | १० | २ | ९०.४३ | ९.५७ |
| बर्दिया | ३५ | २ | ३७ | १ | ७ | ० | ९६.३४ | ३.६६ |
| दाङ | ५८ | २ | ७८ | २ | १६ | ३ | ९५.६ | ४.४ |
| प्रतिशत | ९६.४३ | ३.५७ | ९७.७५ | २.२५ | ८६.८४ | १३.१६ | **९६.०६** | **३.९४** |

स्रोतः फिल्ड सर्वेक्षण ।

## सहुलियतपूर्ण कर्जा रकम स्वास्थ्य, शिक्षा लगायत अन्य क्षेत्रमा खर्च

४.३५ प्राप्त सहुलियतपूर्ण कर्जा शिक्षा, स्वास्थ्य, पुरानो ऋण तथा अन्य घरायसी खर्चमा प्रयोग गर्नुभयो भन्ने प्रश्नमा ४.४९ प्रतिशत सहभागीहरुले आंशिक रुपमा प्रयोग गरेको बताएका छन् भने ९५.५१ प्रतिशतले प्रयोग नगरेको बताएका छन् (तालिका४.२१)।

४.३६ जिल्लागत रुपमा सहुलियतपूर्ण कर्जा अन्य क्षेत्रमा प्रयोग गर्ने र नगर्ने सहभागीहरु क्रमशः बाँकेमा ६.९६ प्रतिशत र ९३.०४ प्रतिशत, बर्दियामा ७.३२ प्रतिशत र ९२.६८ प्रतिशत तथा दाङमा १.२६ प्रतिशत र ९८.७४ प्रतिशत रहेका छन्। कर्जागत रुपमा सहुलियतपूर्ण कर्जा अन्य क्षेत्रमा प्रयोग गर्ने र नगर्ने सहभागीहरु क्रमशः कृषि कर्जामा ४.२८ प्रतिशत र ९५.७२ प्रतिशत, महिला उद्यमशीलता कर्जामा ३.९३ प्रतिशत र ९६.०७ प्रतिशत तथा अन्य कर्जामा ७.९० प्रतिशत र ९२.१० प्रतिशत रहेका छन् ( तालिका ४.२१)।

**तालिका ४.२१: सहुलियतपूर्ण कर्जा रकम स्वास्थ्य, शिक्षा लगायत अन्य क्षेत्रमा खर्च भए/नभएको**

| कर्जाको वर्गीकरण | बाँके | | बर्दिया | | दाङ | | जम्मा | | जम्मा प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| कृषि कर्जा | १ | ४२ | ३ | ३४ | २ | ५८ | ६ | १३४ | **४.२८** | **९५.७२** |
| महिला कर्जा | ५ | ५५ | २ | ३६ | ० | ८० | ७ | १७१ | **३.९३** | **९६.०७** |
| अन्य कर्जा | २ | १० | १ | ६ | ० | १९ | ३ | ३५ | **७.९** | **९२.१** |
| जम्मा | **६.९६** | **९३.०४** | **७.३२** | **९२.६८** | **१.२६** | **९८.७४** | **४.४९** | **९५.५१** | **४.४९** | **९५.५१** |

स्रोतः फिल्ड सर्वेक्षण

## प्राप्त आम्दानी र बैंकको किस्ताको अवस्था

४.३७ प्राप्त कर्जाको समयमा नै किस्ता तिर्न सक्षम हुनुहुन्छ भन्ने प्रश्नमा ९८.०३ प्रतिशत सहभागीहरुले समयमा नै किस्ता तिर्न सक्षम भएको बताएका छन् भने १.९७ प्रतिशतले समयमा किस्ता तिर्न नसकेको बताएका छन् (तालिका४.२२) ।

४.३८ कर्जागत रुपमा कृषिमा ९७.८६ प्रतिशत र २.१४ प्रतिशत, महिला उद्यमशीलता कर्जामा ९८.३१ प्रतिशत र १.६९ प्रतिशत तथा अन्य कर्जामा ९७.३७ प्रतिशत र २.६३ प्रतिशतले क्रमशः समयमा किस्ता तिर्न सक्षम रहेको र किस्ता तिर्न नसकेको बताएका छन् (तालिका४.२२) ।

**तालिका ४.२२: व्यवसायको आम्दानीबाट बैंकको किस्ता तिर्न सक्षम/असक्षम**

| जिल्ला | किस्ता तिर्न सक्षम संख्यामा | | | किस्ता तिर्न असक्षम संख्यामा | | | जम्मा प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | कृषि | महिला | अन्य | कृषि | महिला | अन्य | सक्षम | असक्षम |
| बाँके | ४२ | ५९ | १२ | १ | १ | ० | ९८.२६ | १.७४ |
| बर्दिया | ३७ | ३७ | ६ | ० | १ | १ | ९७.५६ | २.४४ |
| दाङ | ५८ | ७९ | १९ | २ | १ | ० | ९८.११ | १.८९ |
| **जम्मा प्रतिशत** | ९७.८६ | ९८.३१ | ९७.३७ | २.१४ | १.६९ | २.६३ | ९८.०३ | १.९७ |

स्रोतः फिल्ड सर्वेक्षण

## ऋणीको अन्य व्यवसायमा लगानी

४.३९ सर्वेक्षणमा सहभागीहरुले सहुलियतपूर्ण कर्जा लिएर सञ्चालन गरेको व्यवसाय बाहेक अन्य व्यवसायमा समेत लगानी गरेका छन् कि छैनन् भन्ने प्रश्नमा ८२.५९ प्रतिशतले अन्य व्यवसायमा लगानी नगरेको तथा १७.४१ प्रतिशतले अन्य व्यवसायमा समेत लगानी गरेको बताएका छन् (तालिका४.२३) ।

४.४० जिल्लागत रुपमा बाँकेमा २३.४८ प्रतिशत, बर्दियामा १९.५१ प्रतिशत र दाङमा ११.९५ प्रतिशतले अन्य व्यवसायमा समेत लगानी गरेको बताएका छन् (तालिका४.२३) ।

**तालिका ४.२३: सहुलियतपूर्ण कर्जा लिएर सञ्चालन गरेको व्यवसाय बाहेक अन्य व्यवसायमा लगानी**

| जिल्ला/ कर्जा | कृषि कर्जा | | महिला कर्जा | | अन्य कर्जा | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| बाँके | १७ | २६ | ७ | ५३ | ३ | ९ | २३.४८ | ७६.५२ |
| बर्दिया | ७ | ३० | ८ | ३० | १ | ६ | १९.५१ | ८०.४९ |
| दाङ | १२ | ४८ | ५ | ७५ | २ | १७ | ११.९५ | ८८.०५ |
| **प्रतिशत** | **२५.७१** | **७४.००** | **११.००** | **८९.००** | **१६.००** | **८४.००** | **१७.४१** | **८२.५९** |

स्रोत: फिल्ड सर्वेक्षण

## कर्जाको सदुपयोगिता सम्बन्धी ज्ञान

४.४१ सर्वेक्षणमा संलग्न ९८.०३ प्रतिशत सहभागीहरुले कर्जाको रकम दुरुपयोग गर्दा कानुनी कारवाही हुने विषयमा आफूहरुलाई जानकारी भएको बताएका छन् भने १.९७ प्रतिशतले सो विषयमा आफूहरुलाई जानकारी नभएको बताएका छन् (तालिका४.२४)।


**तालिका ४.२४: सहुलियतपूर्ण कर्जाको सदुपयोगिता सम्बन्धीज्ञान**

| जिल्ला | सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको जानकारी | |
|---|---|---|
| | भएको | नभएको |
| बाँके | ९५.६५ | ४.३५ |
| बर्दिया | ९८.७८ | १.१२ |
| दाङ | ९९.३७ | ०.६३ |
| समग्रमा | **९८.०३** | **१.९७** |

स्रोत: फिल्ड सर्वेक्षण

४.४२ जिल्लागत रुपमा दाङमा ९९.३७ प्रतिशत, बर्दियामा ९८.७८ प्रतिशत र बाँकेमा ९५.६५ प्रतिशत सहभागीहरुले कर्जा सदुपयोगिताका सम्बन्धमा जानकारी भएको बताएका छन् (तालिका ४.२४, चार्ट ४.७)।

**चार्ट ४.७: सहुलियतपूर्ण कर्जाको सदुपयोगिता सम्बन्धी जानकारी (प्रतिशत)**




स्रोत: फिल्ड सर्वेक्षण

## सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर

४.४३ सहुलियतपूर्ण कर्जाबाट ७६.१२ प्रतिशत सहभागीहरु धेरै सन्तुष्ट रहेको बताएका छन् । त्यसैगरी, १९.१० प्रतिशत र ४.७८ प्रतिशत सहभागीहरुले क्रमश: अति धेरै सन्तुष्ट र थोरै सन्तुष्ट रहेको बताएका छन् । सन्तुष्ट छैन भन्ने सहभागीको संख्या शुन्य रहेको छ (तालिका ४.२५) ।

**तालिका ४.२५: सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर (जिल्लागत)**

| जिल्ला | सन्तुष्टिको स्तर (संख्या) | | | |
|---|---|---|---|---|
| | असन्तुष्ट | थोरै | धेरै | अति धेरै |
| बाँके | ० | १.७२ | ७५.८६ | २२.४२ |
| बर्दिया | ० | ९.७६ | ८०.४८ | ९.७६ |
| दाङ | ० | ४.४० | ७३.५० | २२.१० |
| **जम्मा (प्रतिशत)** | **०** | **४.७८** | **७६.१२** | **१९.१०** |

स्रोत: फिल्ड सर्वेक्षण

४.४४ कर्जागत रुपमा कृषि कर्जामा ६.४३ प्रतिशत, ७८.५७ प्रतिशत र १५ प्रतिशत सहभागीहरुले क्रमश: थोरै सन्तुष्ट, धेरै सन्तुष्ट र अति धेरै सन्तुष्ट रहेको बताएका छन् । महिला उद्यमशीलता कर्जामा सहभागीहरुको सन्तुष्टि स्तर क्रमश: ४.५ प्रतिशत, ७५.८४ प्रतिशत र १९.६६ प्रतिशत रहेको छ भने अन्य कर्जामा ६८.४२ प्रतिशत र

३१.५८ प्रतिशत सहभागीहरुले क्रमशः धेरै सन्तुष्ट र अति धेरै सन्तुष्ट रहेको बताएका छन् । असन्तुष्ट सहभागीको संख्या शुन्य रहेको छ (तालिका ४.२६) ।

**तालिका ४.२६: सहुलियतपूर्ण कर्जा उपयोगको सन्तुष्टि स्तर (कर्जागत प्रतिशतमा)**

| कर्जा/ सन्तुष्टि | छैन | थोरै | धेरै | अति धेरै |
|---|---|---|---|---|
| कृषि | ० | ६.४३ | ७८.५७ | १५ |
| महिला | ० | ४.५ | ७५.८४ | १९.६६ |
| अन्य | ० | ० | ६८.४२ | ३१.५८ |
| जम्मा प्रतिशत | **०** | **४.७८** | **७६.१२** | **१९.१** |

स्रोतः फिल्ड सर्वेक्षण

# परिच्छेद ५. निष्कर्ष तथा सुझावहरु

## निष्कर्ष

५.१ सर्वेक्षण गरिएका जिल्लाहरुमा सहुलियतपूर्ण कर्जा बैंक तथा वित्तीय संस्थाबाट सहज ढंगले प्रवाह भएको देखिएको छ । कागजी प्रक्रिया बाहेक अन्य कार्यमा खासै झन्झट देखिएको छैन । सर्वेक्षणमा ७३.८८ प्रतिशत सहभागीहरुले सहजरुपमा कर्जा प्राप्त गरेको देखिएको छ ।

५.२ बैंकले कर्जा दिनु पूर्व व्यावसायिक योजना मागेर मात्र कर्जा प्रवाह गर्ने गरेको देखिन्छ भने कर्जा प्रवाह पश्चात् अधिकांश बैंकले सहभागीहरुको उद्योग/व्यवसाय नियमित रुपमा अनुगमन गरेको देखिन्छ ।

५.३ सहुलियतपूर्ण कर्जाबाट ९२.९८ प्रतिशत सहभागीहरुको आर्थिक अवस्थामा सकारात्मक परिवर्तन आएको देखिन्छ ।

५.४ सर्वेक्षणमा १०.४० प्रतिशत सहभागीहरुले सहुलियतपूर्ण कर्जाबाट सञ्चालित उद्योग/व्यवसायमा आफ्ना परिवारका सदस्यहरुलाई समेत सहभागी गराएको पाइएको छ भने ३९.९१ प्रतिशत सहभागीहरुले आफ्ना परिवारका सदस्य बाहेक अन्य कर्मचारी तथा कामदारहरुलाई पूर्ण रोजगारी उपलब्ध गराएको पाइएको छ ।

५.५ सर्वेक्षणमा सहभागीहरुले सञ्चालन गरेको उद्योग/व्यवसायबाट कुल लगानीको वार्षिक १८.८३ प्रतिशत आम्दानी कमाएको देखिएको छ। यसमध्ये कृषि कर्जाबाट सञ्चालनमा रहेका उद्योग/व्यवसायहरुले वार्षिक १८.४३ प्रतिशत, महिला उद्यमशील कर्जाबाट १८.७५ प्रतिशत र अन्य कर्जामा सहुलियतपूर्ण कर्जाबाट २८.५७ प्रतिशत आम्दानी आर्जन गरेको देखिन्छ ।

५.६ बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको सहुलियतपूर्ण कर्जा रकमको सहभागीहरुले बार्षिक ३८.६९ प्रतिशत आम्दानी गरेको देखिएको छ जसकारण लिएको कर्जाको साँवा-व्याज भुक्तानीमा समस्या नभएको पाइएको छ ।

५.७ सर्वेक्षणमा सहुलियतपूर्ण कर्जाबाट अधिकांश सहभागीका परिवारको शिक्षा, स्वस्थ्य लगायत अन्य दैनिक उपभोग्य वस्तुको गुणस्तरमा समेत सुधार भएको पाइएको छ ।

५.८ सर्वेक्षणमा अधिकांश सहभागीहरुले सहुलियतपूर्ण कर्जा रकम शिक्षा, स्वास्थ्य, पुरानो ऋणको भुक्तानी तथा अन्य घरयासी खर्चमा प्रयोग गरेको देखिएको छैन ।

## सुझावहरु

५.९ गरिब तथा बेरोजगारलाई रोजगारीको अवसर सिर्जना गरी उद्यमशिलता विकास गर्न सहुलियतपूर्ण कर्जा सम्बन्धी जानकारी सर्वसाधारणमा गराउनु पर्ने र लक्षित वर्गलाई ध्यानमा राखी वित्तीय साक्षरता लगायतका अन्य प्रवर्धानात्मक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

५.१० सर्वसाधारणको जानकारीका लागि बैंक तथा वित्तीय संस्थाले सहुलियतपूर्ण कर्जाको बारेमा कार्यालय परिसरमा स्पष्ट देखिने गरी फ्लेक्स, ब्यानर लगायतका अन्य सूचनामूलक जानकारी राख्नुपर्ने देखिन्छ ।

५.११ सहुलियतपूर्ण कर्जाबाट व्यवसाय सुरु गरे पश्चात् प्रतिफल प्राप्त हुन केही समय लाग्ने व्यवसाय तथा परियोजनाहरुको हकमा सुरुका केही महिनाका लागि ब्याज भुक्तानीमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

५.१२ सहुलियतपूर्ण कर्जामा व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य शीर्षकमा कर्जा रकम बढाउनुपर्ने आवश्यकता देखिएको छ ।

५.१३ सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको सम्बन्धमा नेपाल राष्ट्र बैंक तथा नेपाल सरकारले अनुगमन तथा निरीक्षण गर्ने कार्यलाई थप जोड दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री (References)

Dangol, R. (2010). *Woman Empowerment through Income generation programme at a Village Development Committee in Lalitpur District of Nepal.*

Khatiwada, D. (2020, February 20). *Why agricultural Subsidies have failed to benefit needy farmers.The Kathmandu Post.* Retrieved from https://kathmandupost.com.

Krejcie, R., & Morgan, D. (1970). Determining Sample Size for Research Activities. *Educational & Psychological Measurement* (pp. 607-610).

Samant, P. (2019, September). Impact of Microcredit on Women Empoerment Indicators: An Empirical Research in the State of Uttarakhand. *International Journal of Recent Technology and Engineering (IJRTE)* .

Tuan-Minh, D. (2013). Effect of Interest Rate Subsidies on Firm Performance and Investment Behavior during Economic Recession: Evidence from Vietnam. *Asian Economic Journal, 27* (2), 185-207.

खरेल, डा. रामशरण (२०७९). सहुलियतपूर्ण कर्जा कार्यक्रमको अवधारणा, आयाम र सुधारका उपाय. नेपाल राष्ट्र बैंकको ६५ औं वार्षिकोत्सव बिशेषअंक.

नेपाल राष्ट्र बैंक.(nd). Retrieved from www.nrb.org.np

पौडेल, नारायण प्रसाद (२०७९). सहुलियतपूयर्ण कर्जाको प्रभावकारिताः एक विश्लेषण. नेपाल राष्ट्र बैंकको ६५ औं वार्षिकोत्सव बिशेषअंक.

राई, अशोककुमार (२०७९). सहुलियतपूर्ण कर्जाको प्रभावकारिताः एक विश्लेषण. नेपाल राष्ट्र बैंकको ६५ औं वार्षिकोत्सव बिशेषअंक.

सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि (२०७५).

हिमाल खबरपत्रिका (२०७८). Himalkhabar.*https://www.himalkhabar.com/news/125102*

Nepal Rastra Bank (2007). *Impact Study of Rural Self Reliance Fund Credit Program.* NRB. *https://www.nrb.org.np/contents/uploads/2020/03/A_Glimpse_of_Raising_Incomes_for_MFPSD.pdf*

**अनुसूची १ (क)**

## २०७८ कात्तिक मसान्तसम्म सहुलियतपूर्ण कर्जाको अवस्था

| *क.सं.* | *कर्जाको किसिम* | *ऋणी संख्या* | *स्वीकृत कर्जा (हजारमा)* | *बाँकी कर्जा (हजारमा)* |
|---|---|---|---|---|
| १ | व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा | ५५,११६ | १५२८९५००८ | १३०२३३७५२ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | १४६ | ७७०५२ | ६११६२ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ९३९ | ७७२७०९ | ६४६२१५ |
| ४ | महिला उद्यमशील कर्जा | ७६,०२० | ७९९२३९१८ | ७११५३४०४ |
| ५ | उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा | १४२ | ४७४२६ | ३४८३८ |
| ६ | भूकम्प पीडित निजी आवास  कर्जा | २२१ | ६४८३० | ४२५९५ |
| ७ | दलित समुदाय व्यवसाय कर्जा | १,०८९ | ७५६४०७ | ६३७५२१ |
| ८ | कपडा उद्योग सञ्चालनका लागि | २३८ | ३२८२९२० | २२०७९७३ |
| ९ | प्राविधिक तथा व्यावसायिक तालिम परिषदबाट मान्यता प्राप्त संस्थाबाट लिइने तालिम | २ | ४०० | ३२२ |
| १० | युवा वर्ग स्वरोजगार कर्जा | १७ | ७९०० | ७०५९ |
| कुल | | १३३,९३० | २३७,८२८,५७० | २०५,०२४,८४१ |

स्रोतःनेपाल राष्ट्र बैंक

# अनुसुची-१ (ख)

**प्रश्नावली**

नेपाल राष्ट्र बैंक, नेपालगञ्ज कार्यालयले लुम्बिनी प्रदेश अन्तर्गतका बाँके, बर्दिया र दाङ जिल्लामा सहुलियतपूर्ण कर्जाको सदुपयोगिताको अवस्थाको सम्बन्धमा एक अध्ययन गर्दैछ ।यहाँहरुबाट प्राप्त हुने प्रतिक्रिया तथा सूचनाले यी जिल्लामा सहुलियतपूर्ण कर्जाको सदुपयोगिताका बारेमा अध्ययन गर्न सहयोग पुग्ने छ ।तसर्थ, तपाईको सूचना एवं प्रतिक्रिया यो अध्ययनका लागि महत्वपूर्ण हुने छ । यो प्रश्नावली भरेर पूरा गर्नका लागि करिब २० मिनेट जति समय लाग्ने छ । प्राप्त प्रतिक्रियाहरु अध्ययनका लागि मात्र प्रयोग गरी गोप्य राखिनेछन् ।

**व्यवसायी**

**नाम :**

**लिङ्ग:** **महिला** ☐ **पुरुष** ☐ **कर्जाको किसिम :**

**उमेर......**

**ठेगाना** **जिल्ला :** **गा.पा./न.पा./उप म.न.पा :** **वडा नं. :**

**१)तपाईले व्यावसाय/उद्योग कहिलेदेखि सञ्चालन गर्नुभयो ?**

........................................................................................................................

**२) व्यवसाय/उद्योग सञ्चालनमा कति लगानी गर्नुभयो ?**

(क) रु. दश लाखसम्म ☐
(ख) रु. दश लाख देखि बीस लाखसम्म ☐
(ग) रु. बीस लाख भन्दा माथि ☐

**३) सहुलियतपूर्ण कर्जा बाहेक अन्य कर्जा लिनुभएको छ ?**

........................................................................................................................

**४) व्यवसाय/उद्योग सञ्चालनमा बैंकबाट कति सहूलियतपुर्ण ऋण लिनु भएको छ ?**

........................................................................................................................

**५) तपईले लिएको पुरानो कर्जालाई सहूलियतपुर्ण कर्जामा परिवर्तन गर्नुभएको हो ?**

(क) हो ☐
(ख) होइन् ☐
(ग) आंशिक हो ☐

**६)सहुलियतपूर्ण कर्जाको बारेमा कसरी जानकारी पाउनुभयो ?**

क) साथीभाई ☐ ख) आफन्त ☐
ग) सामाजिक सञ्जाल ☐ घ) विज्ञापन ☐
ङ) अन्य ☐

**७) सहुलियतपूर्ण कर्जा पहुँचवाला व्यक्तिले मात्र पाँउछन भन्ने विषयमा के भन्नुहुन्छ ?**

क) पँहुच नभएका सर्वसाधारणले समेत पाएका छन् ☐
ख) पँहुचवालाले मात्र पाएका छन् ☐

**८) सहुलियतपूर्ण कर्जा प्राप्त गर्दा कतिको समस्या देख्नु भयो ?**
क) सजिलै पाइयो ☐
ख) केही झन्झट ☐
ग) अत्यन्तै झनझट ☐

**९) प्राप्त कर्जा सबै यही व्यवसायमा लगानी गर्नुभयो ?**

क) गरे ☐
ख) गरेको छैन ☐

**१०) सम्पूर्ण कर्जा एकमुष्ट लगानी गर्नुभयो ?**

क) एकमुष्ट लगानी गरे ☐
ख) किस्ताबन्दीमा पटक पटक लगानी गरे ☐

**११) कर्जा प्रदान गर्नुअघि बैंकले तपाईको व्यवसायिक योजना माग्यो ?**
क) माग्यो ☐
ख) मागेन ☐

**१२) कर्जा प्रदान गरिसकेपछि बैंकले तपाईको व्यवसाय अनुगमन गर्न आयो ?**

क) आयो ☐

ख) आएन ☐

**१३) व्यवसायिक लगानीबाट तपाईको आर्थिक अवस्थामा परिवर्तन आएको छ कि छैन ?**

क) छ ☐

ख) छैन ☐

**१४) आयस्तर वृद्धि भएसँगै तपाईको परिवारको शिक्षा, स्वास्थ्य लगायतका आधारभूत कुराहरुको स्तरमा वृद्धि भएको छ ?**

(क) उस्तै-उस्तै छ ☐

(ख) सामान्य वृद्धि भएको छ ☐

(ग) राम्रो भएको छ ☐

**१५) दैनिक उपभोग्य वस्तुहरुको गुणस्तर तथा तपाईको जीवनस्तरमा कस्तो परिवर्तन आएको छ ?**

(क) उस्तै-उस्तै छ ☐

(ख) सामान्य परिवर्तन भएको छ ☐

(ग) राम्रो भएको छ ☐

**१६) तपाईको व्यावसायबाट उत्पादित वस्तुको बजारीकरणको अवस्था कस्तो छ ?**

(क) सहज ☐

(ख) ठिकठिकै ☐

(ग) गाह्रो ☐

**१७) व्यवसायलाई थप विस्तार गर्ने सोंचमा हुनुहुन्छ ?**

क) छ ☐

ख) छैन ☐

**१८) तपाईको व्यवसायमा परिवारका सदस्यहरुको सहभागिता छ कि छैन ?**

क) छ ☐

ख) छैन ☐

**१९) तपाईको व्यवसायमा परिवार बाहेक अन्यलाई सहभागिता गराउनु भएको छ कि छैन ? छ भने कति जना ?**

क) छ ☐ ......................जना

ख) छैन ☐

**२०) तपाईको परिवारका अन्य सदस्यहरुले व्यवसाय गर्नका लागि सहुलियतपूर्ण कर्जा लिनुभएको छ ?**

क) छ ☐

ख) छैन ☐

**२१) तपाईले लिएको कर्जा रकम र व्यवसायको अहिलेको मूल्याङ्कन गर्दा कुन रकम ठूलो हुन आँउछ ?**

क) कर्जाको ☐

ख) व्यवसायको ☐

**२२) प्राप्त सहुलियतपूर्ण कर्जा शिक्षा, स्वास्थ्य, पुरानो ऋण/घरायसी खर्च तथा सापटी आदि प्रयोजनका लागि प्रयोग गर्नुभयो ?**

क) गरियो ☐

ख) गरिन् ☐

ग) केही मात्रामा गरें ☐

**२३) तपाईको व्यावसायबाट उत्पादित वस्तुको बजारीकरणको अवस्था कस्तो छ ?**

क) सहज ☐

ख) ठिकठिकै ☐

ग) गाह्रो ☐

**२४) तपाईको व्यावसायबाट वार्षिक कति आम्दानी हुन्छ ?**

..............................................................................................................................

**२५) तपाईले व्यवसायबाट प्राप्त आम्दानीले नियमित किस्ता तिर्न सक्नु भएको छ कि छैन ?**

क) छ ☐

ख) छैन ☐

२६) तपाईको यस बाहेक अन्य व्यवसायमा लगानी छ कि छैन ?

क) छ ☐
ख) छैन ☐

२७) कर्जाको दुरुपयोग गर्नु हुँदैन भन्ने थाहा छ कि छैन ?

क) थाहा छ ☐
ख) थाहा छैन ☐

२८) सहुलियतपूर्ण कर्जाबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

क) छैन ☐
ख) थोरै ☐
ग) धेरै ☐
घ) अति धेरै ☐

२९)सहुलियतपूर्ण कर्जाको विषयमा अन्य थप केही भन्न चाहनु हुन्छ ?

..........................................................................................................................
..........................................................................................................................
.......................................................................................................

| | |
|---|---|
| **Name of the Enumerator:..............................** | **Date: .........................................** |
| | **Signature: ..................................** |